संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १३, ● पूर्णाङ्क २६८, ● अंक ५ ● २०७८ साल कात्तिक १६-३० गते (2 November, 16 November, 2021) ● मूल्य रु. १०

# ओलीकै पथमा प्रधानमन्त्री देउवा



**ओलीले नेतृत्व गरेको सरकारमा अध्यक्ष यादव उपप्रधान मन्त्रीसहित स्वास्थ्य तथा जनसँख्या मन्त्री हुनुहुन्थ्यो । उहाँले मन्त्रालयहरूको कामकारवाहीमा प्रधानमन्त्री ओलीको हस्तक्षेपको विरोध मन्त्रीपरिषद्को बैठकमै गर्नुहुन्थ्यो । तत्कालिन प्रधानमन्त्री ओलीले कर्मचारी सरूवा, बढुवादेखि लिएर स्वास्थ्य मन्त्रालयको हरेक गतिविधिमाथि नियन्त्रण गर्न खोज्नु भएको थियो । त्यसको उहाँले खुलेर विरोध गर्नुभएको थियो । त्यसले गर्दा त्यतिबेला केपी शर्मा ओली र उपेन्द्र यादवको दुरी बढेको थियो । उहाँसँग मात्र होइन, त्यतिबेला अन्य मन्त्रीहरू जस्तौ चक्रपाणी खनाल, मातृका यादवलगयका मन्त्रीहरूसँग पनि प्रधानमन्त्री ओलीले त्यस्तै व्यवहार गर्नुभएको थियो**

'गठबन्धनको सरकार भएपनि काँग्रेसले एकलौटी रुपमा काम गरिरहेको छ । काँग्रेस नेतृत्वको सरकारसँग सहकार्य गर्न निकै कठिन छ ।' यो भनाई हो सत्तागठबन्धनका एक दल जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवको । जसपाका अध्यक्ष उपेन्द्र यादवले कात्तिक १३ गते पार्टीको एउटा कार्यक्रममा आफ्नो यो धारणा राख्नु हुँदै उहाँले काँग्रेससँगको यात्रा कठिन रहेको बताउनुभयो । यति छिट्टै सत्तारुढ दलका नेताबाट यस्तो धारणा आउनु राम्रो संकेत होइन ।

नेपाली काँग्रेस नेतृत्वको सरकारमा ८८ दिनपछि आसोज २२ गते आफ्नो पार्टीबाट मन्त्री पठाउनु भएका अध्यक्ष उपेन्द्र यादवले सरकारमा गएको एक महिना नबित्दै यस्तो असन्तुष्टि जनाउनु भएको हो । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले यसरी प्रधानमन्त्री शेरबहादुर देउवाको मात्र विरोध गर्नुभएको छैन, त्यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीको पनि विरोध गर्नुभएको थियो । उपेन्द्र यादवको तत्कालिन पार्टी समाजवादी पार्टी सरकारमा सहभागी भएपनि तत्कालिन प्रधानमन्त्री ओलीले हस्तक्षेप गरेपछि अध्यक्ष यादवले त्यसको त्यतिबेला पनि विरोध गर्नुभएको थियो ।


ओलीले नेतृत्व गरेको सरकारमा अध्यक्ष यादव उपप्रधान मन्त्रीसहित स्वास्थ्य तथा जनसँख्या मन्त्री हुनुहुन्थ्यो । उहाँले मन्त्रालयहरुको कामकारवाहीमा प्रधानमन्त्री ओलीको हस्तक्षेपको विरोध मन्त्रीपरिषद्को बैठकमै गर्नुहुन्थ्यो । तत्कालिन प्रधानमन्त्री ओलीले कर्मचारी सरुवा, बढुवादेखि लिएर स्वास्थ्य मन्त्रालयको हरेक गतिविधिमाथि नियन्त्रण गर्न खोज्नु भएको थियो । त्यसको उहाँले खुलेर विरोध गर्नुभएको थियो । त्यसले गर्दा त्यतिबेला केपी शर्मा ओली र उपेन्द्र यादवको दुरी बढेको थियो । उहाँसँग मात्र होइन, त्यतिबेला अन्य मन्त्रीहरु जस्तौ चक्रपाणी खनाल, मातृका यादवलगयका मन्त्रीहरुसँग पनि प्रधानमन्त्री ओलीले त्यस्तै व्यवहार गर्नुभएको थियो । ती मन्त्रीहरुले पनि मन्त्रीपरिषद्कै बैठकमा ओली हस्तक्षेपको विरोध गर्नुभएको थियो ।

त्यही विरोधका कारण उहाँहरु सरकारबाट बाहिरिनु भएको थियो । अहिले काँग्रेसका सभापति समेत रहनु भएको देउवा नेतृत्वको सरकारमा पनि त्यही कुरा दोहोरिएको छ । अहिलेको सरकार संयुक्त भएपनि प्रधानमन्त्री देउवाले एकलौटी गरिरहनु भएको छ । मन्त्रीपरिषद्मा काँग्रेसबाहेक अन्य दलका कुनै पनि मन्त्रीले लग्ने प्रस्तावमा उहाँ हतपत सहमति जनाउनु हुन्न । ओलीको जस्तै उहाँले पनि हरेक मन्त्रालयको गतिविधिमाथि नियन्त्रण गर्न खोज्नु भएको एकजना मन्त्रीले बताउनुभयो । उहाँले भन्नुभयो, हामीले कुनै प्रस्ताव लगेपछि आजभोली आजभोली भन्दै टार्दै गर्नुहुन्छ तर उहाँको आफ्नो वा आफ्ना पार्टीका मन्त्रीको प्रस्ताव भयो भने तुरुन्तै पास गर्नुहुन्छ ।'

प्रधामन्त्री देउवाको यस्तो व्यवहारले सत्तागठबन्धनमै विवाद आउने देखिएको छ । मन्त्रीहरुले आफ्नो मन्त्रालयमा सचिव हेरफेर गर्न खोज्दा प्रधानमन्त्री देउवाले रोक्नु भएको आरोप लाग्न थालेको छ । मन्त्रीहरुले आफ्नो अनुकुल कर्मचारी पनि राख्न पाउनु भएको छैन । मन्त्रीहरुले आफ्नो सचिवालय समेत विस्तार गर्न सक्नु भएको छैन । सचिवालय बनाउन कर्मचारी नियुक्त गर्नुपर्छ । त्यसका लागि कतिपय कुरामा मन्त्रीपरिषद्बाट निर्णय गर्नुपर्छ । त्यसमा प्रधानमन्त्री देउवाको रोकावट हुन्छ । उहाँ बैठकमै सिधै भन्नुहुन्छ, अहिले म न सल्लाकार नियुक्त गरेको छु, न कुनै

**बाँकी पृष्ठ ८ मा**

## यस भित्र

रेशम चौधरीमा अड्किएको थरुहट र मधेशको राजनीति

● लेख, पृष्ठ ४



किसान खुशी हुने गरि सरकारले सहयोग गर्छ

● अन्तरवार्ता पृष्ठ ५



माटोले चिन्दछ मुसहर समुदायलाई

● मध्यपृष्ठ



सुजिता बस्नेत बन्नुभयो मिस युनिभर्स नेपाल

● मनोरञ्जन पृष्ठ ९



कुमाले जातीको पेसा संकटमा

● पृष्ठ ११

## सम्पादकीय

# गाउँ र शहरका बोक्सी

बोक्सी टुनामुना वास्तवमा छ कि छैन भने कुरा कसैले प्रमाणित गर्न सकेको छैन । तर यो समाजका लागि अभिसाप बनेको छ । यो २१ औं शताब्दीको युगमा पनि बोक्सी, डायन, टुनामुनालाई समाजका मान्छेले अपनाएका हुन्छन् । अन्धविश्वास गरेर त्यसको पछि लागेको देखिन्छ । यो बोक्सी, धामी झाँक्रिको पछाडी गाउँघरका निरक्षर मात्र होइन, ठूला ठूला शहरका कहलिँदा व्यक्तिहरू पनि त्यसको पछि लागेका हुन्छन् । त्यसका लागि उनीहरूले करौडो रूपियाँ खर्च गरेका हुन्छन् ।

फरक यति हो कि ग्रामिण क्षेत्रमा देखिने बोक्सी, टुनामुना, धामी झाँक्रिको कुरा छिट्टै बाहिर आउँछ तर शहर बजारमा त्यसलाई दवाएर राखेका हुन्छन् । शिक्षित व्यक्ति अन्धविश्वासको पछाडी शिक्षित रूपमै लागेका हुन्छन् । उनीहरूले इज्जत प्रतिष्ठाका कारणले पनि अन्धविश्वासका कुरा कम्पाउण्ड भन्दा बाहिर जान दिंदैनन् । तर गाउँघर अर्थात ग्रामिण क्षेत्रमा त्यस्ता कुरालाई धेरै बेरसम्म लुकाउन सक्दैन । छिमेकीको घरमा छोरालाई ज्वरो लाग्यो भने अर्को छिमेकीलाई बोक्सीको आरोप लगाउँदै झगडा गर्न जान्छ ।

कुटपिट गर्छन् । मलमुत्र खुवाउँछन । गाउँमा पञ्चायत बस्छन् । मिलापत्रका लागि एक पक्षले अर्को पक्षलाई दवाव दिएका हुन्छन् । हुँदा हुँदै त्यो घटना एककान दुई कान मैदान हुन्छ । फैलिदै जान्छ । प्रहरीमा उजुरी पर्छ । अदालतमा मुद्दा हालिन्छ । विस्तारै विस्तारै यस्तो विकराल रूप लिन्छ कि गरिब तथा मध्यवर्ग समाज बदनामले थिचिन्छ । काठमाडौको गल्ली गल्लीमा त्यस्ता तन्त्रमन्त्र गर्ने थुप्रै पसल खुलेका छन् । विभिन्न माताहरूले झारफुक गरिरहेका हुन्छन् । त्यहाँ विभिन्न भूतप्रेतबाट छुट्कारा दिलाउने प्रयास भइरहेका हुन्छन् । कतिपयलाई छुटकारा दिलाएर घर पनि पठाएका हुन्छन् । ती झारफुक गर्ने माताहरूमा ठूल्ठूला घरानाका व्यक्तिहरू पुगेका हुन्छन् ।

तर त्यसलाई कुनै अन्धविश्वासी बोक्सी भनेर कसैले गाली गर्दैन । कसैले मलमुत्र खुवाउँदैनन । कसैले पनि कपाल मुण्डन गर्दैनन् । कसैले पनि मुण्डन गरेर गाउँमा घुमाउँदैनन् । तर गाउँघरमा यस्ता कोही जन्त्रमन्त्र जानेका व्यक्ति फेल पारेका छन् र उसको नजर परेपछि राती कसैलाई ज्वरो आयो भने पुरै समाज उसलाई दण्ड दिन्छन् । चाहे त्यो बोक्सी होस् या नहोस् । जन्त्रमन्त्र जानेको होस् या नहोस् । कसैले पनि त्यसको बारेमा खोजनीति तथा अनुसन्धान गर्दैनन् । शहरवजारमा घरभाडामा वा आफ्नै घरमा बोक्सी अर्थात झरफुक, तन्त्रमन्त्रीका लागि अफिस नै खडा गरेका हुन्छन् । बोर्ड नै झुण्ड्याइएका हुन्छन् । के त्यहाँ वरपर वा त्यो घरमा कसैलाई ज्वरो आउँदैन वा केही विसन्चो हुँदैन? पक्कै पनि हुन्छ तर शहरकाले थाह पाएपछि त्यसलाई भित्रभित्रै सल्टाउँछन् वा त्यसप्रति वास्ता नै गर्दैन तर गाउँघरमा तुरून्तै होहल्ला हुन्छ ।

मुलमुत्र खुवाएर गाउँ परिक्रमाको तयारी एकछिनमै हुन्छ ।सिरहाको औरही गाउँपालिका- ५ का ५० वर्षीया हिरादेवी साहले गाईलाई टुनामुना गरेको भन्दै २०७८ बैशाख ४ गते उहाँलाई जेठाजु, बुहारी र भतिजाहरूले मलमूत्र खुवाई कुटपिट गरेका थिए । घटनालगत्तै गाउँमै मिलापत्र गर्न खोजिएको थियो । हिरादेवीन्याय खोज्न प्रहरीमा जानु भयो तर त्यहाँ पनि उहाँमाथि अन्याय नै भयो । केहीपछि प्रहरीले जाहेरी दर्ता गरी एक आरोपीलाई नियन्त्रणमा लिएर अदालतमा पेस गरेको थियो । अर्थात हिरादेवीले गाईलाई टुनामुना गर्नुभयो कि भएन ? वास्तवमा हिरादेवी बोक्सी हुनुहुन्छ कि हुनुहुन्न भनि कसैले खोजबिन गरेनन् । सामूहिक रूपमा उहाँमाथि ज्यादती भयो ।

पछि हिरादेवीले प्रहरीमा उजुरी गरेपछि एकजनालले पक्राउ गर्‍यो । अझै उनी जेलमै छन् । परिवारका अन्य सदस्यहरू भागी भागी हिडिरहेका छन् । एउटा अन्धविकासको पछि लागेको कस्तो अवस्था सृजना भयो यो एउटा उदाहारण मात्र हो । यस्ता सैयौं उदाहरणहरू छन् । यदि ती महिला साँच्चै बोक्सी भएको भए कुटाई खाएपछि आफ्नो जादुले सबैको सर्वनाश गर्थे । लाठीले हान्नेलाई जादुले मार्थे होला । तर बेस्सरी कुटाइ खाएपनि उ चुँई बोल्न सक्दैन । बोक्सीको आरोपमा भएको हिंसाविरूद्ध पछिल्ला चार वर्षमा प्रहरीमा १८६ मुद्दा दर्ता भएका छन् । त्यसमध्ये सबभन्दा बढी ७९मुद्दा प्रदेश २ मा नै परेका छन् । लुम्बिनीमा २६, प्रदेश १ मा २३ बागमतीमा २२ मुद्दा दर्ता भएका छन् । बागमती प्रदेशमा पर्ने काठमाडौं उपत्यकामा एउटा मात्रै मुद्दा दर्ता भएको प्रहरीको तथ्यांकमाउल्लेख छ । त्यस्तै, सुदूरपश्चिममा १३, कर्णालीमा १० र गण्डकीमा १२ मुद्दा दर्ता भएको प्रहरीको तथ्यांकमा उल्लेख छ । प्रदेश २ मा सबभन्दा बढी मुद्दा देखिनु अन्धविश्वास, अशिक्षा, गरिबी, वेरोजगारी हुनु हो । प्रदेश २ को अवस्था कर्णालीभन्दा खराब छ । प्रदेश २ को स्वास्थ्य, शिक्षा तथा रोजगारीको अपूगा कर्णालीभन्दा खराब रहेको छ । त्यसले गर्दा अन्धविश्वास, अड्डा अदालत र प्रहरी प्रशासनमा विश्वास गर्छ । जेमा पनि झगडा, जेपनि पनि प्रहरी प्रशासन, जेपनि अड्डा अदालत नै जान्छन् । घरमा केही भयो भने अरूमाथि अनेक आरोप प्रत्यारोप गरेर बसेका हुन्छन् तर त्यसबाट उम्किने प्रयास गरेको हुँदैन ।

# पाठक पत्र

saharatimes.com.np@gmail.com

## राष्ट्रिय सम्मान गरौं

रामसहाय यादवको बारेमा सहारा टाइम्स पढेर मात्र जानकारी पाए । अहिलेको राजनीतिमा यस्ता पनि व्यक्ति छन् भनि पढेर विश्वासै लागेन । जहाँका नेताहरुले राजनीतिकलाई व्यवसायको रुपमा प्रयोग गर्छन, किनबेच गर्दै आर्थि लाभ लिँदै वर्षभरमा नै करोडपति बन्छन् त्यहाँ रामसहाय जस्ता व्यक्ति छन् भने धेरैलाई विश्वास लाग्दैन । यस्ता व्यक्तित्वका कारण कलयुग चलेको छ नत्र उतिखेर नै भ्रष्ट हुन्थ्यो । समाचारमा उल्लेख भए अनुसार उनी पार्टीको पनि उच्च पदमा बसेका हुन् । एकपटक संविधानसभा सदस्य पनि बनेका थिए र अहिले सांसद हुनुहुन्छ । एउटा व्यक्तिका लागि यी पद निकै महत्वपूर्ण पद हो । यही पदबाट मान्छेले जे पनि गरेका छन् । तर वास्तवमा रामसहाय यादव यो जुगको मान्छे होइन, अर्को जुगका मान्छे हुन् । यस्तो खालका व्यक्तिलाई राष्ट्रिय रुपमा सम्मान गर्नुपर्छ जसले गर्दा अरुलाई पनि त्यसबाट प्रेरणा मिलोस् । सबभन्दा मुख्य कुरा त उनका श्रीमती नै हुन् । श्रीमानका लागि श्रीमतीले यतिको त्याग गर्ने कुरा पनि बिरलै पाइन्छ । उहाँका श्रीमतीलाई सलाम भन्न चाहन्छु जसले आफू संघर्ष गरेर श्रीमनलाई यो अवस्थासम्म पुर्‍याउनुभयो ।

*मनोज श्रीवास्तव*
*कोटेश्व सहयोगीनजर, काठमाडौं*

## रामसहाय सर पनि मन्त्री !

रामसहाय यादव सरलाई म राम्रोसँग चिन्छु । उहाँले मलाई पढाउनु भएको छ । पन्नादेवी स्कूल कलैयामा म पढ्दादेखि उहाँले म्याथ पढाउनु हुन्थ्यो । उहाँ शिक्षक हुँदा जस्तो हुनुहुन्थ्यो, अहिले राजनीतिक गर्दा पनि त्यस्तै हुनुहुन्छ । उहाँ शिक्षक हुँदा मलाई कहिले लागेको थिएन कि उहाँ राजनीतिक गर्नुहुन्छ । यस्तो मान्छे पनि राजनीतिक गर्न सक्छ भन्ने कुरा जसले पनि उहाँलाई हेरेर थाह पाउन सकिन्थ्यो । सोझो र भलादमी मान्छे, कसैको विगार नगर्ने, कसैको बुरा नसोच्ने शिक्षक उहाँ हुनुहुन्थ्यो । उहाँले त्यतिबेला पनि निकै मेहनत गर्नुहुन्थ्यो । स्कूलमा पढाउने सायदै कुनै टिचरले ट्युशन पढाउनु हुन्थ्यो तर उहाँ स्कूलबाहेकको समयमा ट्युशन पनि पढाउनु हुन्थ्यो । म त उहाँबाट ट्युशन पढ्न सकिन तर मेरा साथीहरु पढ्नु हुन्थ्यो । उहाँले कसैलसँग कर गरेर पैसा माग्नु हुन्थेन । जो जति दिन्थे त्यति नै उहाँले लिनु हुन्थ्यो । तर उहाँ शिक्षक हुँदादेखि नै राजनीतिमा सक्रिय भएर लाग्नु भएको कुरा उहाँको बारेमा यो समाचार पढेर मात्र थाह पाए । उहाँ भूमीगत शैलीमा राजनीतिक गर्नुहुन्थ्यो भने कुरा मलाई मात्र होइन सायद कुनै पनि विद्यार्थीलाई थाह थिएन । उहाँ स्कुलमा पनि सधैं परजेन्ट हुनुहुन्थयो । क्लास पनि नियमित लिनुहुन्थ्यो । तर राजनीतिको लागि उहाँले त्यतिबेला कसरी समय म्यानेज गर्नुहुन्थ्यो त्यो सुन्दा अहिले अच्चम लाग्छ । उहाँलाई हाम्रो विद्यालयबाट सरुवा पनि गरेको थियो त्यो कुरा हामीले पनि थाह पाएका थियौं । त्यो थाह पाएर चित्त पनि दुखेको थियो तर हामीले के नै गर्न सक्थे र तर उहाँ जानु भएन ।

*प्रमोद साह, हाल चितवन*
*sahji.pramod68@gmail.com*

## रामसहायको परीक्षा !

रामसहाय यादव २०४६ सालदेखि निरन्तर राजनीतिमा लाग्नु भएको थियो । उहाँ शिक्षक हुँदा पनि राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । विभिन्न आन्दोलनमा भाग लिनुहुन्थ्यो । २०६४/०६५ को मधेश विद्रोहपछि उहाँ त फुलटाइम राजनीतिक गर्न थाल्नुभयो । मधेशको अधिकारका लागि अवाज उठाउने सद्भावना पार्टीमा लागेर राजनीतिक गर्नुभएको रामसहाय यादव मधेशी जनअधिकार फोरममा लागेर मधेश आन्दोलनको अगुवाई गर्नुभएको थियो । पर्सा, बारा, रौतहटलगायतका ठाउँमा हुने आन्दोलनमा उहाँलाई देखिन्थ्यो । यत्रो लामो राजनीतिक संघर्षपछि बल्ल उहाँलाई पार्टीले पत्याएको छ । उहाँभन्दा धेरै ढिलो राजनीतिक गरेका व्यक्ति सोही पार्टीबाट पटक पटक मन्त्री बने । उपेन्द्र यादवले नयाँ नयाँ जसको मधेश आन्दोलनमा कही चर्चा पनि थिएन त्यस्ता व्यक्तिलाई मन्त्री बनाउनु भएको थियो । अहिले ती व्यक्तिहरु उपेन्द्र यादवको साथमा छैनन् । तर उपेन्द्र यादवसँग राजनीतिक थाल्नु भएका रामसहाय यादवलाई उहाँले पत्याउनु भएको थिएन । अहिले बल्ल उहाँलाई मन्त्री बनाउनु भएको छ । भनिन्छ, ढिलो गरेको न्यायलाई न्याय मानिदैन, त्यो अन्याय नै हो । रामसहाय यादवमाथि अन्याय नै भएको हो । उहाँले यति लामो परीक्षा दिनुभयो । रामसहाय यादव सबै परीक्षा पास गर्नुभयो ।

*मनोज यादव, फेसबुकबाट*

# फेसबुक



**रामकुमार शर्मा**

मधेसको महापर्व छठ पछि चुरे संरक्षण तथा भ्रष्टाचार बिरूद्ध हुलाकी अभियान (सप्तरी देखि पर्सा) सम्म प्रत्येक जिल्लाबाट ५-७ जनासम्म सहभागी हुने गरि ५० जना इच्छुक अभियानीहरुले आफ्नो नाम, ठेगाना तथा फोन नम्बर पठाउन अनुरोध छ । अभियान मार्फत निम्न कार्यक्रमहरू राखिएको छ :

१. वन विनाश एंव चुरे दोहनले मधेसमा पारेका दुषप्रभाव बारे जागरण अभियान चलाउने,
२. १० लाख हस्ताक्षर संकलन गरि प्रधानमन्त्री शेर बहादुर देउवालाई बुझाउने,
३. चुरे संरक्षण तथा भ्रष्टाचार निवारण फाउन्डेसन को नाउमा स्थानीय एंव प्रादेशिक स्तरमा संगठन निर्माण गर्ने,
४. युवाहरूलाई Anti corruption Army को रूपमा प्रत्येक जिल्लामा १००-१५० जनाको संख्यामा संगठित गर्ने र उत्पादनसँग जोडि आत्मनिर्भर बनाउने,
५. पौषदेखि विभिन्न किसिमको दवाव मुलक आन्दोलनको कार्यक्रम अगाडी बढाउने,
६. अभियान एंव आन्दोलनबाट के प्राप्त हुन्छ ??

क. वनको संरक्षण, संवर्द्धन एंव वैज्ञानिक प्रयोग हुन्छ,
ख. व्यापक वृक्षारोपण अभियान सञ्चालन हुन्छ,
ग. स्थानीय स्तरबाट जनतालाई सर्वसुलभ ढंगले काठ दाउरा उपलब्ध गराउन बातावरण बन्छ,
घ. ढुङ्गा, गिट्टी, बालुवाको गैरकानुनी दोहन गर्नेलाई कडाइ पूर्वक रोक्ने र दोषीलाई कानुनको कठघरामा उभ्याईने कार्य हुन्छ,
ङ. भ्रष्टाचार उन्मुलनको लागि स्वतन्त्र, स्वायत एंव समावेशी जनलोकपाल गठन गर्न बाध्य हुनेछ,
च. भ्रष्टाचारलाई प्रोत्साहन गर्ने मुल कानुन सार्वजनिक खरिद ऐनका सम्पूर्ण कमजोर दफाहरू संशोधन हुनेछ,
छ. भ्रष्टाचारको कसुर प्रमाणित भइसकेपछि सजाय गर्न बनेको कमजोर कानुनलाई बदलेर एक करोडसम्मलाई एक किसिमले र सो भन्दा माथि भ्रष्टाचार गरेको प्रमाणित भएमा सर्वस्वसहित आजिवन कारावासको कडा कानुन बनाउन बाध्य पारिनेछ,
ज. दैनिक एवं अति आवश्यकताको सवारी साधन मोटरसाइकलमा लाग्ने १००% महशुल समाप्त हुन्छ,
झ. सबै बैकहरूको व्याजदर एक अंकभित्रै राख्नुपर्ने हुन्छ,
ञ. स्नातक तह उत्तीर्ण विधार्थीलाई सरकारले रोजगारी दिनुपर्छ, रोजगारी नदिएको खण्डमा बेरोजगारी भत्ता दिनुपर्छ,
ट. महँगो, अस्थिर एंव एकल जातिय बर्चस्व रहेको हालको निर्वाचन प्रणालीको ठाउँमा प्रत्यक्ष कार्यकारी शासकीय प्रमुख सहित पुर्ण समानुपातिक समावेशी संसदको व्यवस्था हुन्छ,
ठ. सम्पूर्ण स्थानीय तहमा निःशुल्क, आधुनिक एंव सर्वसुलभ शिक्षाको लागि बुढानिलकण्ठ मोडेलको सुविधा सम्पन्न स्कुलको व्यवस्था हुनेछ,
ड. सम्पूर्ण स्थानीय तहमा २५-५० बेडको, सदरमुकाममा ३००-५०० बेडको र प्रदेशमा १००० बेडको सुविधा सम्पन्न अस्पतालको व्यवस्था हुनेछ,
ढ. कृषिमा आधुनिकिकरण एंव प्रत्येक स्थानीय तहमा एउटा उद्योगको स्थापना हुनेछ,

**नित्यानन्द**

राज्यको चौथो अंग भन्नलाई स्वच्छ, निष्पक्ष र निर्भिक्क । देश, जनता र समाजप्रति समर्पित । क्या लयमा बगेको हुन्छ यस्ता शब्दावलीहरु सुन्न र पढ्नमा क्या मज्जा । अनि प्रोफेशनल पत्रकारिता आजको अपरिहार्यता रे । यसमा गजबको कुरा के छ भने हरेक राजनीतिक दलका आ आफ्नै शुभेच्छुक भनिएका सञ्चारकर्मीहरुको पार्टीगत भातृ भागिनी संगठनहरुले आआफ्ना पार्टीको हित, चेत, बैचारिकी निर्माण, मन्त्री, नेता, कार्यकर्ताको बचाव, पक्षमा जिकिर गर्नुपर्ने पृष्ठपोषण, पक्षपोषण र पैरवी वकालत गर्नुपर्ने ठाउँमा झन् झन् कहाँ हो कहाँ आफ्नै पार्टीका भातृसंगठनका पत्रकारहरुबाट झनै पेलिएका हुन्छन् सरकार, मन्त्री अझै भनौं भित्तामा नै पुरयाइदिने खालका समाचार र विचार सम्प्रेषण गरेर त तिनीहरुको निद्रा नै हराई दिएको प्रतित हुन्छ । यसमा बरु रोचक के छ भने दुवैले एक अर्कालागि लिएर होस् की दिएर होस्, खाएर होस् की खुवाएर होस् चुनाव ताका भने एक अर्काका लागि लखर लखर घुमेको घुम्या हुन्छ । रातदिन कसरत गर्छन् । हो, गलत गरेको ठाउँमा भन्नुपर्छ, बोल्नुपर्छ, लेख्नुपर्छ, भन्यापनि छन्, लेख्यापनि छन् र त भएन प्रोफेशनल जर्नालिज्म । बरु यसमा अझै सहयोग गर्छन् आफ्नै पार्टीका कुरा विपक्षी पाटीका हिमायतीहरुलाई सुनाउँदा रहेछन्, विषवमन गर्दा रहेछन् । के को दक्षिणपन्थी के वामपन्थी । ताक परे तिवारी नत्र गोतामे, हैन् र ? क्या काइदाका पार्टी पत्रकारिता । यसमा अझै घतलाग्दो के भने बामपन्थी सञ्चार गृहका मालिकहरुले दक्षिणपन्थी पत्रकारहरुलाई आफ्नो सञ्चार गृहमा काम दिन्छन् भने दक्षिणपन्थी मालिकहरुले वामपन्थी विचारका सञ्चारकर्मीहरुलाई आफ्नो सञ्चारगृहमा नियुक्त गर्छन् । अनि यसरी मोटाउने को भए, आफ्ना की अर्का । झन् भोटमा त आफ्ना संगठनका उम्मेदवारलाई मत दिनु र जिताउनुभन्दा पनि विपक्षी उम्मेदवारलाई नै जिताएर रमाउने परिपाटी, विचार भन्दा पनि, पार्टी भन्दा पनि, संगठनभन्दा पनि जातिका उम्मेदवारलाई चाहे कुनै पार्टी को किन नहोस्, जिताउने रणनीति, यही हो बौद्धिक भनिएका सञ्चार संगठनहरुको बैचारिकी । आखिर जे होस्, हामी सबैको जय होस् ।

# उपेन्द्रको घरमै पुगेर प्रचण्डको धमाका



माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेपाली राजनीतिक ' डिजनाइर' हुनुहुन्छ। शान्तिप्रक्रियामा आएदेखि नेपालको राजनीतिमा उहाँ जे चाहनु भएको छ त्यही भएको छ। उहाँ जहिले पनि राजनीतिकको केन्द्रबिन्दुमा रहनु भएको छ। राजनीतिमा उहाँ कहिले एक कदम अगाडि र कहिले एक कदम पछाडी हटेपनि राजनीति उहाँको वरिपरी नै घुमिरहेको छ। उहाँ केन्द्रमा मात्र होइन, मधेशमा पनि बेलाबेलामा धमाका गर्नुहुन्छ।

कहिले मधेशसँग लभ परेको भन्नुहुन्छ भने कहिले आफू हातहतियार चलाउन मधेशबाट नै सिकेको हुँ भन्नुहुन्छ। कहिले भन्नुहुन्छ, मलाई क्रान्ति सिकाउने रामराजा प्रसाद सिंह मेरा गुरु हुन्।, कहिले भन्नुहुन्छ, माओवादी जनयुद्धको सुरुवात मधेशबाटै भएको हो। उहाँले यस्ता यस्ता कुरा भनेर मधेशमा पनि आफ्नो स्पेश बनाइ राख्नुहुन्छ। यसपटक त उहाँ बेग्लै धमाका गर्नुभयो। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवको राजनीतिक आधार क्षेत्र मधेशको सर्लाही जिल्लामा गएर अध्यक्ष प्रचण्डले पार्टी एकताको लागि प्रस्ताव गर्नुभयो। यो त उपेन्द्र यादवको घरमै गएर धमका गर्नु जस्तै भयो।

उहाँले प्रस्ताव मात्र गर्नुभएन, अध्यक्ष उपेन्द्र यादवसँग यस विषयमा आफ्नो कुराकानी भइरहेको पनि खुलासा गर्नुभयो। उहाँले यतिसम्म भन्नुभयो, एकता गरौं र त्यो एकताको घोषणा कार्यक्रम जनकपुरमै गरौं म जनकपुर आउँछु।' अध्यक्ष प्रचण्डको तर्फबाट यसखालको कुरा आउनु हल्का कुरा होइन। कहि न कहि केही कुराकानी भएको होला, त्यसपछि मात्र उहाँले यो खुलासा मधेशमै गएर गर्नुभएको हो। माओवादी केन्द्रकै नेता एवं शिक्षा मन्त्री देवेन्द्र पौडेल भन्नुहुन्छ, एकताका लागि एकखालको कुराकानी सुरु भएको छ, तर वार्ता समिति गठन भएको छैन।' एकताका लागि माहोल तयार भएपछि र कुराकानी परिपक्व भएपछि मात्र त्यसलाई औपचारिकता दिइने बताउँदै उहाँले जसपा नेपालसँग मात्र होइन, विचार, सिद्धान्त र राजनीतिक एजेन्डा मिल्ने पार्टीसँग एकीकरण हुने बताउनुभयो। तर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले कम्युनिष्टसँग एकता नहुने दावी गर्नुभयो। माओवादी केन्द्रसँग आफूहरुको न विचार मिल्छ, न एजेन्डा मिल्छ, त्यही भएर एकता सम्भव नरहेको दावी उहाँले गर्नुभयो।

सोही पार्टीका कार्यकारिणी सदस्य एवं प्रचार विभाग प्रमुख डम्बर खतिवडाले ' एक्लै टिक्ने' आत्मविश्वास गुमाएपछि अध्यक्ष प्रचण्डले जसपाको नाम लिएर अनावश्यक मनोवैज्ञानिक युद्ध गर्दै र भ्रम छर्दै गर्नुभएको दावी गर्नुभयो। जसपाको विचार पद्धति साम्यवाद र माओवादबाट धेरै भिन्न र मौलिक रहेको उल्लेख गर्दै उहाँले साविक स्थितिमा यी दुई पार्टी बीच एकताको कुनै संभावना नरहेका बताउनु भयो। तर उहाँले प्रश्न गर्दै भन्नुभयो, 'हुन्छ, पार्टीको नाम समाजवादी राखौं, पार्टी सिद्धान्त 'समुन्नत संघीय समाजवाद' मानौं, शासकीय स्वरुप, निर्वाचन प्रणाली परिवर्तन, प्रदेश पुनर्सिमाङकन, नामाङकन र सुशासनलगायतका मुद्दा आधिकारिक बनाउँ, राजी हो त ?'

उहाँहरुले जेजस्तो प्रतिकृया दिएपनि उपेन्द्र यादव नेतृत्वको जसपा र प्रचण्ड नेतृत्वको माओवादी केन्द्रबीच एकता हुने सम्भाव निकै रहेको छ। उपेन्द्र यादव आफै माओवादी स्कूलिङगबाट मधेशको राजनीतिमा आउनु भएको हो। उहाँले जुन पार्टी (मधेशी जनअधिकार फोरम नेपाल) बाट मधेशमा राजनीतिक शुरु गर्नुभयो, त्यो पार्टी समाजिक संस्थाको रुपमा माओवादीले नै खोल्न लगाएको थियो। माओवादीमा लामो समय काम गर्नुभएका उपेन्द्र यादव र प्रचण्डबीच सधैं कुरा मिल्दै आएको छ। माओवादी र उपेन्द्र यादवले नेतृत्व गरेको पार्टीबीच पटक पटक गठबन्धन बनेको हो। उपेन्द्र यादवले गरेको आन्दोलनलाई जहिले पनि प्रचण्डले सघाउँदै आउनु भएको हो। चाहे त्यो गठबन्धन होस् वा व्यक्तिगत होस् प्रचण्डको सहयोग सदैव रहदै आएको छ।

प्रचण्ड दुईपटक प्रधानमन्त्री बन्नुभयो, दुवै सरकारलाई उपेन्द्र यादवले नेतृत्व गर्नुभएको पार्टीले समर्थन मात्र गरेन, उहाँ स्वंय त्यो सरकारमा सहभागी हुनुभयो। उपेन्द्र यादवले प्रचण्डको हरेक राजनीतिक कदमलाई समर्थन र सहयोग गर्दै आउनु भएको छ। उहाँले प्रचण्डलाई प्रधानमन्त्री बनाउनका लागि पटक पटक प्रयास गर्नुभएको छ। त्यसैले होला, प्रचण्डले भन्नुभयो, 'उपेन्द्र यादवले मलाई चिन्नु नै भएको छ, म कस्तो मान्छे छु भनेर।' अर्थात दुवैजनाको दोस्ती गहिरो छ, र त्यही कारणले पार्टी एकताको सम्भावना प्रवल छ।

स्रोतका अनुसार प्रचण्डले पार्टी एकताको बारेमा उपेन्द्र यादवसँग पटक पटक छलफल गर्नुभएको छ। उपेन्द्र यादव एकताका लागि सकारात्मक हुनुहुन्छ, तर पार्टीको विचार र सिद्धान्तमा कुरा नमिलेको कारण यसलाई औपचारिकता दिएको छैन। यद्यपी एकताका लागि वैचारिक छलफल गर्न तयार रहेको बताइन्छ। अध्यक्ष प्रचण्डले एकताका लागि जसपाका संघीय परिषद्का अध्यक्ष डा.बाबुराम भट्टराईसँग पनि छलफल गर्नुभएको छ। अध्यक्ष भट्टराईले पनि कम्युनिस्ट पार्टीको रुपमा एकता गर्न नसकिने प्रतिकृया दिनुभएको छ। यद्यपी एकताका लागि पहल जारी राख्नुपर्ने दुवैजनाको बीचमा सहमति भएको बताइएको छ। त्यसैले होला पछिल्लो समय प्रचण्डले सर्लाहीमा एकताको बारेमा दिनुभएको अभिव्यक्तिको बारेमा अध्यक्ष भट्टराईले कुनै प्रतिकृया दिनुभएको छैन, नत्र उहाँले कुनै पनि राजनीतिक विषयमा आफ्नो प्रतिकृया ट्वीटरमार्फत दिन बाँकी राख्नु हुन्न। त्यसमा पनि प्रचण्डले दिने हरेक राजनीतिक अभिव्यक्तिमा उहाँले कुनै नकुनै रुपमा प्रतिकृया दिंदै आउनु भएको छ तर उहाँ एकताको विषयमा मौन रहनु भएको छ। त्यसले पनि एकताको प्रकृया अगाडि बढेको संकेत दिएको जसपाका एकजना कार्यकारिणी सदस्यले बताउनुभयो।

# गाँधीका अनुयायीबाट हिंसात्मक अभिव्यक्ति

जनमत पार्टीका अध्यक्ष सिके राउतले केही दिनदेखि हिंसात्मक अभिव्यक्तिहरु दिइरहनु भएको छ। उहाँको फेसबुक, ट्वीटरहरु हेर्दा उहाँ आफ्ना पार्टीका नेता तथा कार्यकर्तालाई हिंसामा उत्रन उक्साइ रहनु भएको हो कि जस्तो लाग्छ। उहाँ गाँधीका अनुयायी हुनुहुन्छ। उहाँ हिंसामा विश्वास गर्नुहुन्न तर पछिल्लो अभिव्यक्ति र क्रियाकलाप हेर्दा उहाँले आफ्नो राजनीतिको ट्रयाक परिवर्तन गर्नुभएको हो कि भनि सबैतिर टिप्पणी हुन थालेको छ।

उहाँ अलग मधेसका लागि आन्दोलन गरेपनि यस्तो अभिव्यक्ति र क्रियाकलाप देखिएको थिएन। उहाँले त्यतिबेला आफ्ना नेताहरुहरुलाई भन्ने गर्नुहुन्थ्यो, 'महत्मा गाँधीले पनि अहिंसावादी आन्दोलन गरेर भारतलाई स्वतन्त्र गराउनु भएको थियो भने हामी किन सक्दैनौं, राज्यले जति दमन गरेपनि उनीहरुमाथि कहिले पनि प्रतिकार नगर्नु।' त्यतिबेला प्रहरीले उहाँलाई समात्न आउँदा गुलाबको फूल दिएर स्वागत गर्नुहुन्थ्यो। त्यति मात्र होइन, त्यतिबेला उहाँका कार्यकर्ताले आन्दोलन गर्दा कसैको हातमा लठी वा भाठा हुँदैन्थ्यो तर अहिले हरेक आन्दोलनमा नेता तथा कार्यकर्ताको हातमा भाठा वा लाठी हुने गरेको छ र सबै आक्रमक हुन्छन्। यो राम्रो संकेत होइन।

उहाँले आफ्नो नेता तथा कार्यकर्तालाई महत्मा गाँधी र बुद्धको प्रवचनहरु सुनाउनु हुन्थ्यो तर कात्तिक ४ गते खानेपानी डिभिजन कार्यालय जनकपुरका कार्यालय प्रमुख जागेश्वर कुशवाहामाथि गर्न लगाउनु भएको दुरव्यवहारले सिके राउत बदलिएको हो कि भनि टिप्पणी हुन थालेको छ। जनमत पार्टीका कार्यकर्ताले जनकपुरमा जागेश्वर कुशवाहालाई कालोमोसो दलेर, बजार परिक्रमा गराएका थिए। त्यो घटनापछि सिके राउतका कार्यकर्ता तथा नेताहरु झन आक्रामक हुन थालेका छन्।

सिके राउतका स्वयंको अभिव्यक्ति पनि त्यस्तै छ, कात्तिक १४ गते उहाँले आफ्नो ट्वीटरमा लेख्नु भएको विचार यस्तो छ, देशको धेरै बेइज्जत नहोस् भनेर विदेशमा सांकेतिक विरोध मात्रै गरिएको हो, तर प्रधानमन्त्री शेरबहादुर देउवाले जनमत पार्टीप्रति लिएको दमनको नीति र हेप्ने प्रवृत्तिमा सुधार भएन भने विश्वको कुनै कुनाबाट थुतेर कालोमोसो जनताले दल्न सक्छ। आसपासेहरुलाई पनि हेक्का रहोस्।' उहाँको आधिकारिक ट्वीटरबाट यस्तो अभिव्यक्ति आएको हो। जुन पहिला यसको खालको अभिव्यक्ति आउँदैन्थ्यो।

आफ्नो ट्वीटरमा सिके राउतले लेख्नु भएको छ,-'जनमत पार्टी 'स्वतन्त्र मधेश गठबन्धन' होइन। जनमत पार्टी अरू पार्टी जस्तै निर्वाचन आयोगमा दर्ता भएको राजनैतिक पार्टी हो। यदि यसको कुनै गतिविधि अनुचित लाग्छ भने निर्वाचन आयोगमा दर्ता रहेका अन्य पार्टीहरूले त्यो गर्छ वा गरेको छ कि छैन, त्यो सोधेर मात्रै कुरा गर्नोस्।' अर्थात उहाँले अरु पार्टीले विगतमा यस्तै गतिविधि गरेको कारण आफूले पनि त्यस्तै गरेको आशय व्यक्त गर्नुभएको छ। 'प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्रीसँग ज्ञापनपत्र बुझाउन पटक पटक समय मागेको झण्डै ३ महिना नै भयो, तर पूँजीपति भ्रष्टाचारीलाई २४/७ भेट्न समय हुने तर जनताको समस्या बुझ्न पार्टी अध्यक्षलाई समय नदिए विकल्प के ? भनि उहाँले प्रश्न पनि गर्नुभएको छ।

उहाँले अर्को पनि लेख्नु भएको छ, 'अख्तियारलाई ज्ञापन पत्र दिएको कति भो ? तर अख्तियारले भ्रष्टाचारी संरक्षण गर्ने ! उपमहानगरपालिका र खानेपानी विभागलाई ज्ञापन पत्र दिएको कति भो ? तर सुन्दै सुन्ने ! प्रहरीलाई ऊजुरी दिएको कति भो ? तर उल्टा गरीब निमुखालाई समात्ने ! अनि भ्रष्टबाट आजित जनताले के गर्छन्- जनकारवाही।' उहाँको यो अभिव्यक्तिले जनमत पार्टीका नेता तथा कार्यकर्तालाई उत्तेजित बनाउने काम गरेको छ।

## फरकमत

# ऋणमाथि ऋणले थिचिने किसानको नियति



उद्धव अधिकारी

किसानहरुका लागि यतिखेर मानो रोपेर मुरी भित्र्याउने समय हो। आफूले लगाएको बालीबाट अनेकौं सपनाहरु पुरा गर्ने अभिलाषा बोकेको किसान हरेक वर्ष कुनै न कुनै कारणले बाली भित्र्याउने समयमा निराश हुनु र पुनः ऋण माथी ऋणको बोझले थिचिनु उसको नियती नै बनिसकेको छ। किसानको मुख्य बाली धानमा यसवर्ष विगतका वर्षहरुमा भन्दा कैयौं गुणा बढी क्षति पुगेको छ। सरकारको अनुमानित तथ्यांकलाई मात्र आधार मान्ने हो भने असोज ३१ देखि कार्तिक ३ गतेसम्म परेको बेमौसमी वर्षाले ११ अर्ब रुपियाँ भन्दा बढीको क्षति किसानले व्यहोरिसकेका छन्। जलवायु परिवर्तनको प्रभाव, व्यापारीहरूको रणनीति र सरकारको लाचारीपन जस्ता करणहरुले किसानहरु पलपलमा पीडा व्यहोर्न बाध्य छन्।

यतिखेर पुनः धानभित्र चामल नपसेको अर्को समस्या बाहिर आएको छ। भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिकाअन्तर्गत वडा नम्बर ६ का दुई सयभन्दा बढी किसान परिवारहरुले करिव १ हजार रोपनीमा लगाएको धानमा भुस मात्रै फल्यो, गेडा लागेन। बजार व्यावस्थापक सिचुवान सीड कृषि विज्ञान तथा प्रविधि कम्पनी लिमिटेड सिचुआन प्रान्त चीन र नेपालका लागि अधिकृत बिक्रेता काष्ठमण्डप ट्रेड प्वाइन्टमार्फत बिक्री वितरण हुँदै आएको डिवाइ २८ नाम भएको हाइब्रिड धान यतिखेर लहलह हुनुपर्थ्यो तर धानको बोटमा चामलसहितको धान बोक्ने बालाहरू मात्र भुस बोकेर ठिङ्ग उभिरहेका छन्।

सेराफाँट, गैरीगाउँ र तौथली फाँटहरुमा यतिखेर किसानका सपनाहरुमाथी असिना परेको छ। यो समस्या भक्तपुरकै सुर्यविनायक नगरपालिका वडा न ४ को दधिकोटमा पनि देखिएको भन्ने सूचनाहरु बाहिर आइरहेका छन्। त्यस्तै, ललितपुरको चापागाउँ लेले लगाएतका क्षेत्रमा पनि यो समस्या देखिएको छ। ५-६ वर्षअगाडी भक्तपुरमा नै डीवाइ ६९ जातको धानमा पनि यस्तै समस्या देखिएको थियो जसमा किसानहरूको १९ करोड मुल्य बराबरको क्षति भएको थियो। हरेकपटक डिवाइ जातका धानहरुमा किन समस्या आउछ ? नेपालको अधिकृत बिक्रेता काष्ठमण्डप ट्रेड प्वाइन्ट सरकारको नियमअनुसार सुचिकृत भएको कम्पनी हो होइन ? यदि हो भने सरकारको नियम अनुसार सूचीकृत भएको एउटा कम्पनीले बिक्री गरेको बीउबाट भएको किसानको क्षति कसरी पूर्ति गर्न गराउन सकिन्छ ? सुचिकरण गर्ने अधिकारीको यसमा जवाफदेहिता हुन्छ की हुँदैन ? उक्त कम्पनीलाई सम्बन्धित सरकारी निकायले किन दबाव दिन सक्दैन ? यसमा शंका गर्ने कि नगर्ने ? त्यही भूगोलमा अघिल्लो वर्ष त्यही बीउ राम्रै फल्यो तर यसवर्ष किन फलेन ?

अन्य कुनै कारणले हो या बीउकै खराबी ले हो, यसको अध्ययन कसले गर्छ ? धानको गांजको फेदमा रातो र सेतो हुने दुईथरी धानका बोटहरु छन्, त्यस्तो किन हुन्छ ? तराई र भित्री मधेशका लागि भनेर प्याकेटको बाहिरै लेखिएको बीउ काठमाडौं उपत्यकामा कसरी आइपुग्यो ? ल्याउने व्यापारीको उद्देश्य के हो ? नियमन गर्ने निकायहरु कहाँ निदाएर बसेका छन् ? जिम्मेवारी प्राप्त निकाय र पात्रहरू यसरी निदाएर बस्न पाइन्छ ? उनीहरूको कार्यसम्पादन मूल्याङ्कनमा यो र यस्ताखाले घटनाहरुले कुनै प्रभाव पार्छ कि पार्दैन ? हामी बीउ जस्तो संवेदनशील विषयमा गम्भीर हुन किन सकिरहेका छैनौं।

पटकपटक धोका दिएको बीउको पछि लाग्ने किसानको चेत कहिले फर्कन्छ ? आँखै अगाडी आफैंले प्रयोग गर्ने गरेका बीउ विजनहरूको लोप हुँदापनि किसान किन निदाइ रहेको छ ? यो प्रकृतिको पुजारीलाई राष्ट्रिय अन्तराष्ट्रिय बजारले सलक्कै निलेको अनुभूति कहिले हुन्छ ? कसले गराउने हो ? हिंजो पुर्खाले साँचेर राखिदिएको बीउ उपयोग गर्ने किसानले आफ्नो भावी पुस्तालाई कुन तरकारी, अन्नको बीउ छोडेर जादैछ ?

माटोको उर्वराशक्तिमा हाइब्रिड बालीले असर पार्छ की पार्दैन ? बीउ जस्तो संवेदनशिल विषयमा सुचिकरणको बहानामा दिनानुदिन परनिर्भरता तर्फ उन्मुख गराउनका लागि सरकारी निकायहरू नै कम्मर कसेर लाग्नु कतिसम्म न्यायोचित हो ? सरकार उन्नत बीउ उन्मोचन गर्नतर्फ भन्दा रैथाने बीउ उन्मूलन गर्ने तर्फको यात्रामा अगाडी देखिनुलाइ के भन्ने ? तरकारीको ९०-९५ प्रतिशत बीउ आयातित हुनुमा दोषी को ? धान मकैको बीउमा आयातित नपुंसक बीउको दबदवाले हाम्रो कृषिलाई कता लादैछ ? संविधानतः किसानको खाद्य सम्प्रभुताको रक्षा यसैगरी हुने हो ? बीउ नै जोगाउन नसक्ने के किसान ? के सरकार ? के कृषि प्रधान देश ?

*(उद्धव अधिकारी खाद्यका लागि कृषि अभियानका संयोजक हुनुहुन्छ)*



सुरेशकुमार यादव

# रेशम चौधरीमा अड्किएको थरुहट र मधेशको राजनीति

कैलालीको टीकपुर घटना (२०७२ भदौं ७) घटनाको मुख्य योजनाकारको आरोपमा जेलमा रहनु भएका रेशम चौधरीका कारण थरुहटको राजनीतिक मात्र होइन मधेशको राजनीति पनि अन्योलमा छन्। थारु समुदायका अगुवाहरुले बनाएको दल होस् वा समाजिक संस्था ती सबैले टीकापुर घटनालाई नै आफ्नो यात्राको मुख्य ध्येय बनाएका छन्। सिधा भाषामा भन्ने हो टीकापुर घटना र त्यसको मुख्य दोषी मानिएका रेशम चौधरीको रिहालाई मुख्य एजेण्डा बनाएका छन्। मानौ, ती पार्टी र संघ संस्थाका लागि अरु त्यहाँ कुनै एजेण्डा नै छैन।

हुन त मधेशवादी दलहरुले पनि रेशम चौधरीको रिहालाई प्राथमिकतामा राखेका छन्। उनीहरुले पनि सरकारसँग कुरा गर्दा रेशम चौधरीको रिहालाई प्राथमिकतामा राखेकै हुन्छन्। यस्तो लाग्छ कि रेशम चौधरी रिहा भएपछि थरुहट तथा मधेशका सबै माग पुरा हुनेछ, त्यसपछि राजनीतिक गर्ने कुनै एजण्डा नै रहदैनन्। रेशम चौधरी रिहा हुनुपर्छ, उहाँमाथि राज्यले अन्याय गरेकै हो। उहाँलाई फँसाइएको हो भनि विभिन्न प्रतिवेदन तथा तथ्यले पुष्टि हुन्छ। उहाँ आफ्नो क्षेत्रमा उपस्थित नभए पनि प्रतिनिधिसभा चुनाव जित्नु भएको हो। उहाँ निर्दोष हुनुहुन्छ भनि यो भन्दा ठूलो प्रमाण अरु केही चाहिदैन। देशका प्रधानमन्त्री तथा विभिन्न दलका शीर्ष नेताहरुले पनि रेशम चौधरी निर्दोष हुनुहुन्छ, उहाँ राजनीतिक खेलका शिकार मात्र हुनु भएको छ। त्यस कारणले उहाँ स्वतः र स्वभाविक रुपमा रिहा हुनुपर्छ यसमा कुनै दुईमत छैन तर उहाँको रिहाको माग गर्दै अन्य मागलाई ओझेलमा पार्नु हुनु हुँदैन। तर उहाँ त्यही भइरहेका छन्।

थरुहट तथा मधेशमा रेशम चौधरीका कारण अरु मुद्दा ओझेलमा परेको गुनासोहरु भइरहेका छन्। थारु तथा मधेशी नेताहरुले संविधान संशोधनलाई मुख्य एजेण्डा बनाउनुपर्छ। संघीय संरचना, शक्ति बाँडफाँड पहिचान तथा समानुपातिक समावेशी प्रणालीको आधारमा हुनुपर्ने एजेण्डा बनाउनुपर्छ। अहिलेको सात प्रदेशमा न मधेशीको पहिचान जोगिएको छ न थारुको। राज्यले थारु र मधेशी दुवैको पहिचान खोसेको छ। ती समुदायलाई विभिन्न टुक्रामा बाँडेको छ। तर ती समुदायका अगुवा तथा नेताहरु रेशम चौधरीको रिहाका लागि अल्झेर बसेका छन्। थरुहट र मधेशका सम्पूर्ण शक्ति रेशम चौधरीको रिहाका लागि लगाइ रहेका छन्। जब कि त्यो शक्ति खेर गइरहेको छ। अहिले थरुहट तथा मधेशले आफ्ना आधारभूत अर्थात नभइ नहुने मागहरु पुरा गराउनमा जोड दिनुपर्थ्यो।

थारु र मधेशबीच एउटा शक्ति निर्माण गर्नुपर्थ्यो तर रेशम चौधरीका कारण थारुहट र मधेश विभाजित भएका छन्। रेशम चौधरीका कारण मधेश र थरुहट विभाजन भएको हो कि जस्तो लाग्न थालेको छ। रेशम चौधरीलाई कसले रिहा गराउने भनि दुवै पक्षमा प्रतिस्पर्धा चलेको छ। थरुहटबालाहरुलाई लाग्छन् कि रेशम चौधरीलाई रिहा गराएर मधेशवादी दलले ने सबै जश न लिइहालोस्। यता मधेशवादी दलका नेताहरुलाई लाग्छन् कि थरुहटबालाहरुले नै रेशम चौधरीलाई रिहाय गराएर सबै जश नलिहालोस्। थरुहटबालाहरुले आफ्नोतर्फबाट मधेशवादी दलका नेताहरुले आफ्नो तर्फबाट बल लगाई रहेका छन्। तर हालसम्म कसैको बल पुगेको छैन।

यदि त्यस्तो होइन भने थरुहट र मधेश एकै ठाउँमा आएर एकैपटक रेशम चौधरीको रिहाका लागि किन कुरा गर्दैन, किन अवाज उठाउँदैनन्, छुट्टा छुट्टै किन आन्दोलन गर्नछन्, छुट्टा छुट्टै रिहाका लागि किन वार्ता गर्छन्, पक्कै पनि त्यसका कुनै नकुनै स्वार्थ लुकेको हुनुपर्छ। दुवै शक्ति एक ठाउँमा आएर राज्यमाथि दवाव बनाउन सकियो भने केही बात बन्न सक्थ्यो तर होइन, जश अरु कसैले नलियोस् भनेर दुवै पक्षका नेता तथा अगुवा कार्यकर्ताहरु आआफ्नो बल प्रयोग गरिरहेका छन्। जुन बल सरकारसमक्ष पुग्न सकेको छैन।

एउटा घटनाको चर्चा गरौं यहाँ, जतिबेला महन्थ ठाकुरहरु जसपा नेपालमा हुनुहुन्थ्यो, उहाँहरु तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीको निरन्तर सम्पर्कमा हुनुहुन्थ्यो। मधेशको माग पुरा गराउन दवाव दिइरहनु भएको थियो। विभिन्न मागहरुमध्ये उहाँहरुले रेशम चौधरीको मागलाई प्राथमिकतामा राख्नु भएको थियो। निरन्तर दवाव र छलफलका कारण तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली सकारात्मक हुनुभएको थियो र रेशम चौधरी रिहाका लागि पहल पनि सुरु गर्नुभयो।

कानुन प्रकृयाबाट नै रिहा हुनु भएकाले अदालतमा कानुन प्रकृया पनि सुरु भएको थियो। त्यो थाह पाएर अन्य पार्टी निकट थारुहरुको संघ संगठनले समेत रिहाको मागसहित आन्दोलन शुरु गरे २०७७ चैत ८ गतेदेखि रेशम चौधरीको रिहाको माग गर्दै राजधानीको माइतीघर मण्डलामा काँग्रेस, एमाले र माओवादी समर्थित थारु संघ संगठनले आन्दोलन सुरु गरे। आन्दोलन थाल्नुअघि ती संगठनहरुले राष्ट्रपति विद्यादेवी भण्डारी र तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर ज्ञापनपत्र बुझाएका थिए। माइतीघर मण्डलामा धर्ना बसेका थरुहट, थारुवान संयुक्त संघर्ष समितिमा नेपाली काँग्रेसको नेपाल थारु संघ, एमालेको नेपाल लोकतान्त्रिक थारु संघ र माओवादी केन्द्रको थारु राष्ट्रिय मुक्ति मोर्चा अवद्ध छन्। जसपा जो एउटा राजनीतिक दल हो, यसले प्रधानमन्त्री ओलीलाई दवाव दिलाएर रेशम चौधरीलाई रिहा गराउन थालेको थाह पाएर काँग्रेस, माओवादी केन्द्र, एमालेलगायतका दलहरु तम्सिएर माइतीघर मण्डलामा धर्ना सुरु गरे।

ती संगठनहरुले धर्ना सुरु गरेपछि सरकारको तत्काल ध्यानाकर्षण भयो। र तत्कालिन गृहमन्त्री रामबहादुर थापा धर्ना स्थलमै गएर उनीहरुसँग वार्ता र छलफल गर्नुभयो। सायदै यसअघि कुनै आन्दोलनकारीसँग यसरी धर्नास्थलमै गएर सरकारका गृहमन्त्रीले नै वार्ता गरेको होस्। तर तत्कालिन ओली सरकारले त्यो काम गरेको थियो। जेठ १० गते सरकार र ती आन्दोलनकारी संगठनबीच सम्झौता पनि भयो। त्यो सम्झौता गराउनका लागि रुक्मणी चौधरी, गंगा चौधरीलगायतका थारु नेताहरुले पहल गर्नुभएको थियो। त्यतिबेला सरकार र थारु कल्याणकारिणी सभा, थरूहट/थारुवान संघर्ष समितिबीच ६ बुंदे सहमति भएको थियो। दुई पक्षबीच रेशम चौधरीसहित ५८ जनामाथि लागेका मुद्दा फिर्ता लिन संविधाान र कानुनसम्मत पहल गर्ने सहमति भएको थियो। आखिर किन ? एउटै व्यक्तिलाई रिहा गर्नका लागि ओली सरकारले जसपासँग पनि सहमति गरेको थियो। कानुनी प्रकृया सुरु पनि भइसकेको थियो। तत्कालिन प्रधानमन्त्री ओली आफै त्यसका लागि सकारात्मक हुनुहुन्थ्यो। सबै कुरा सकारात्मक रुपमा अगाडि बढी रहेको थियो तर अचानक थरुहटका विभिन्न संघ संगठनहरु बीचमै हाम फाले र सरकारले पनि उनीहरुलाई स्पेश दियो। यसको एउटा कारण थियो, यसको जश मधेशवादी दलले नलियोस्। यो कुरा थरुहटका संघ संगठनले मात्र होइन, केपी शर्मा ओलीको मनमा पनि भय थियो। त्यही भएर उहाँले आफ्ना पार्टीका थारु नेताहरुलाई यसका लागि खटाउनु भएको थियो। नत्र ओलीले जसपाका नेता एवं सांसद रेशम चौधरीलाई रिहा गराउनुको मकसद के ? रेशम चौधरीलाई रिहा गराउन जसपा सफल भयो भने मधेशमा उसको जयजय हुन्छ। उ झन बलियो हुन्छ भने बुझाई ओलीको थियो त्यही भएर उहाँ यसको जश घुमाई फिराई आफ्नो पार्टीलाई नै दिन चाहनु भएको थियो तर उहाँको यो तरकिब काम लागेन।

पत्रकार अनन्त अनुरागले सुनाउनु भएको एउटा कुरा यहाँ स्मरण गर्न चाहन्छु। अनुरागजी जसपाबाट मन्त्री बन्नु भएको शरतसिंह भण्डारीलाई शुभकामना तथा बधाई दिनका लागि उहाँको घर पुग्नु भएको थियो। त्यहीबेला सामान्य थारु समुदायका केही अगुवाहरु पनि उहाँलाई शुभकामना दिन आई पुगेका थिए। मन्त्री भण्डारी शुभकामना थप्न निकै व्यस्त हुनुहुन्थ्यो। त्यही भिडबाट एकजोडी सामान्य पहिरणमा आएका थारुले मन्त्री भण्डारीलाई फूलमाला र खादा लगाउँदै भनेका थिए, मन्त्रीज्यू, हाम्रो माग केही छैन, रेशम चौधरी जसरी पनि छुट्नु पर्‍यो, अरु हामीलाई केही थाहा छैन।' उनी कहाँका थिए त्यो कुरा अनुरागजीले सोध्नु भएन तर मन्त्रीसँग सामान्य रुपमा शुभकामना साटासाट गर्ने बेला अचानक रेशम चौधरीको रिहाका लागि कुरा राख्नुले उहाँलाई गम्भीर अवश्य बनाइएको थियो।

आखिर रेशम चौधरीको रिहाका लागि यसरी थरुहटदेखि लिएर मधेश सबै किन लागेका छन् त ? यसको कारण के हो, के उहाँ रिहा भएपछि थरुहट तथा मधेशको सर्वकल्याण नै हुन्छ त, मधेश तथा थारुहरुको सबै माग पुरा हुन्छ त ? होइन। रेशम चौधरी एउटा व्यक्ति हुनुहुन्छ। कुनै पार्टीका नेता हुनुहुन्छ। उहाँ आन्दोलनको कारण पक्राउ हुनुभएको हो। राज्यले कानुन अनुसार उहाँलाई दोषी मानेको छ। त्यो निर्णयलाई हामी नमानौला, राज्यले गरेको निर्णय गलत हो भनि पनि भनौंला तर के उहाँको रिहाका लागि सबै माग र मुद्दा ओझेलमा पार्ने काम जायज हो त प्रश्न उठेको छ।

रेशम चौधरीको रिहाका लागि जति प्रयास अहिले भइरहेको छ त्यति प्रयास रामराजा प्रसाद सिंह, बीपी कोइराला, गणेशमान सिंह, दुर्गानन्द झा, गजेन्द्रनारायण सिंहलगायत कसैका लागि पनि भएको थिएन। सारा कुरा छाडेर त्यसैको पछि कसैको समयमा लागेको थिएन। त्यतिबेला पनि दलका नेताहरु जेलमा थिए, तर आन्दोलन आफ्नो उद्देश्यमा अगाडि बढी रहेको थियो। एउटा समय आएपछि उहाँहरु आफै स्वतः रिहा हुनुहुन्थ्यो। रेशम चौधरीको हकमा पनि त्यस्तो हुनसक्छ तर उहाँका रिहाका लागि जे जे भइरहेको छ त्यो अलि धेरै नै हो।

रेशम चौधरीको रिहाका लागि थरुहट र मधेश मात्र विभाजन भएको छैन। थरुहटका विभिन्न संघ संगठनमा पनि होडवाजी चलेका छन् भने यता मधेशवादी दल तथा विभिन्न संघ संगठनबीच होडबाजी चलेका छन्। लक्ष्मण थारुहरुको एउटा ग्रुप छ भने रुक्मणी चौधरीलगायतहरुको एउटा ग्रुप रहेको छ। थारु कल्याणकारिणी सभा, थरूहट/थारुवान संघर्ष समितिले सरकारसँग ६ बुंदे सम्झौता गरिसकेपछि लक्ष्मण थारुहरुको ग्रुप पनि माइतीघर मण्डलामा धर्ना बसेको थियो। केही दिन उहाँरुले पनि रेशम चौधरीको रिहाका लागि माग गर्दै माइतीघरमा प्रदर्शन गर्नुभयो। यद्यपी उहाँहरुसँग सरकारले कुनै वार्ता गरेन। तर लक्ष्मण थारुहरुको आन्दोलन जारी नै रह्यो। उहाँले कहिले काठमाडौं आएर आन्दोलन गर्नुहुन्छ भने कहिले कैलाली, बर्दिया, कञ्चनपुरतिरै आन्दोलन गर्नुहुन्छ।

एकजना सुरेन्द्र चौधरी हुनुहुन्छ। उहाँ पहिला आइएनजीयोमा काम गर्नुहुन्थ्यो। अहिले के गर्नुहुन्छ थाह छैन तर उहाँले पनि पछिल्लो समय टीकापुरका राजबन्दी रिहाका लागि अभियान चलाउनु भएको छ। उहाँले तत्कालिन राजपा निकट नेताहरुको सहयोगमा अभियान सुरु गर्नु भएको थियो। सुरेन्द्र चौधरीले काठमाडौंमा गर्नुभएको एउटा कार्यक्रममा महन्थ ठाकुरलगायत राजपा निकट नेताहरुको बाक्लो उपस्थिति थियो। महन्थ ठाकुरसँगै धेरैपटक सुरेन्द्र चौधरी बालुवाटार गएर प्रधानमन्त्रीलाई पनि भेटेर आफ्नो कुरा राख्नु भएको छ। तर पछिल्लो समय उहाँ पनि निस्कृय हुनु भएको छ। उहाँ अहिले महन्थ ठाकुर पक्षका नेताहरुको सम्पर्कमा पनि हुनुहुन्न। लक्ष्मण थारुलगायत समूहले विभिन्न टुक्रा टुक्रामा गरिरहेका आन्दोलनको बारेमा उहाँले टिप्पणी गरिरहनु हुन्छ।

यता, मधेशवादी दलमा पनि त्यस्तै होडवाजी रहेका छन्। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालबीच होडवाजी चलिरहेको छ। उपेन्द्र यादव पक्षले रेशम चौधरीलाई रिहा गराउने जश आफूहरुलाई लागोस् भने दाउमा छ भने महन्थ ठाकुर पक्षले पनि त्यसको रिहाको जश आफूहरुलाई लागोस् भने दाउमा छ। रिहा गराउनका लागि तछाड मछाड छ। जसपाले भन्छ, रेशम चौधरी हामीसँग छ भने लोसपाले भन्छ, होइन, रेशम चौधरी हामीसँग छ। दुवै पक्षले आआफ्नो तर्फबाट उहाँलाई रिहाका लागि बल लगाइ रहेका छन्।

तर यीमध्ये कसैलाई पनि रेशम चौधरीले भाव दिइरहनु भएको छैन। उहाँ सबैको सम्पर्कमा हुनुहुन्छ तर कसैसँग हुनुहुन्न। उहाँ जसपामा हुनुहुन्छ कि लोसपा हुनुहुन्छ त्यसमा अस्पष्टता छ। त्यस्तै उहाँ लक्ष्मण थारुहरुको ग्रुपमा हुनुहुन्छ कि रुक्मणी चौधरीको ग्रुपमा हुनुहुन्छ या सुरेन्द्र चौधरीको साथमा हुनुहुन्छ वा थरुहटको कुन पक्षमा हुनुहुन्छ, कुनै स्पष्टता छैन। महन्थ ठाकुर पक्ष जेलमा भेट्न जाँदा लोसपामै रहेको भनि दंग पारेर पठाउनु हुन्छ भने उपेन्द्र यादव पक्षका नेताहरु भेट्न जाँदा जसपामै रहेको भन्दै दंग पारेर पठाउनु हुन्छ। त्यस्तै खेला उहाँले थरुहटहरुसँग गर्नुहुन्छ। थरुहटमा पनि विभिन्न समूहहरु छन्। सबैले आआफ्नो तरिकाले आन्दोलन गरिरहेका छन्। तर रेशम चौधरी हालसम्म कसैको साथमा रहने वचन दिनुभएको छैन। उहाँ पनि छुट्टै पार्टी बनाउने गृहकार्य जेलभित्रैबाट गरिरहनु भएको विभिन्न सञ्चार माध्यममा समाचार आएका छन्। कोसँग र कस्तो पार्टी बनाउने भने कुरा हालसम्म खुलेको छैन।

सांसद रेशम चौधरी एक बौद्धिक, क्रान्तीकारी युवा मात्रै होइन, रणनीतिक बनाउन सक्ने थारु नेता पनि हुनुहुन्छ। त्यसमा कुनै दुई मत छैन। यदि त्यस्तो नभएको भए सारा शक्ति उहाँको पछि लाग्ने थिएन। उहाँ प्रहरीका खोजी सूचीमा हुनुहुन्थ्यो, भारतमा बसिरहनु भएको थियो। माओवादी केन्द्रका अध्यक्ष तत्कालिन प्रधानमन्त्रीको रुपमा भारत भ्रमणमा गएको बेला रेशम चौधरी (२०७३ असोज ४ गते) ताजमहल होटलमा गएर भेट्नु भएको थियो। यो चानचुने कुरा होइन। यसबाट प्रष्ट हुन्छ कि रेशम चौधरी पनि चानचुने व्यक्ति होइन, नत्र प्रहरीका फरार सूचीमा रहनु रेशम चौधरी उच्च सुरक्षाको घेराभित्र रहनु भएका प्रधानमन्त्रीलाई भेट्नु प्राय असम्भव नै हुन्छ। यस्तो शक्तिशाली व्यक्ति काठमाडौंको जेलबाट मधेशी तथा थारु नेताहरुलाई भाव दिएको होला जस्तो मलाई लाग्दैन। नत्र जसपाको नेता भएर रेशम चौधरी यसरी तटस्थ बस्न सक्नु हुन्थेन।

उहाँ तत्कालिन राजपा नेपालबाट टिकट लिएर चुनाव जित्नु भएको हो। उहाँलाई महन्थ ठाकुर र राजेन्द्र महतोले टिकट दिनुभएको थियो। तर जब निर्वाचन आयोगमा जसपाको आधिकारिता बारे मतदान भइरहेको थियो अनि रेशम चौधरी तटस्थ बसि दिनुभयो। जुन कुराको महन्थ ठाकुरहरुले कल्पना समेत गर्नु भएको थिएन। मतदानका लागि रेशम चौधरी आउनु हुन्छ र महन्थ ठाकुरको पक्षमा मतदान गर्नुहुन्छ भनि प्रमाणका रुपमा रेशम चौधरीका श्रीमती त्यही हुनुहुन्छ। महन्थ ठाकुर पक्षधरका नेताहरुको साथमा हुनुहुन्थ्यो। तर उहाँ आयोग आएपछि न उपेन्द्रको पक्षमा मतदान गर्नुभयो र न महन्थ ठाकुरको पक्षमा मतदान गर्नुभयो। जब कि त्यही महन्थ ठाकुर र उपेन्द्र यादव रेशम चौधरीको रिहाका लागि सरकारसँग लडिरहनु भएको छ। अहिले पनि महन्थ ठाकुर र उपेन्द्र यादवले रेशम चौधरीको दावी छाड्नु भएको छैन। तर रेशम चौधरीको आवद्धताका बारेमा अस्पष्ट हुँदा धेरै समस्याहरु भइरहेको स्वयं नेताहरु नै बताउँछन्।

*(लेखक सुरेशकुमार यादव गोरखापत्रका पत्रकार हुनुहुन्छ)*

अन्तरवार्ता

# किसान खुशी हुने गरि सरकारले सहयोग गर्छ



**महिन्द्र राय यादव**

**मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

महन्थ ठाकुर नेतृत्वको तत्कालिन राजपा जसले उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीसँग एकीकरण गरेर जनता समाजवादी पार्टी नेपाल बनाएको थियो । राजपाबाट नै महिन्द्रराय यादव जसपमा आउनु भएको थियो । जसपा बन्ने बित्तिकै महिन्द्रराय यादव महन्थ ठाकुर (पूर्वराजपा गुट) हरूको साथ छाडेर उपेन्द्र यादव (पूर्व समाजवादी गुट) को पक्षमा लाग्नुभयो । महिन्द्र राय यादवले उपेन्द्र यादवलाई साथ दिएपछि जसपामा बलियो भयो । महन्थ ठाकुरका थुप्रै नेताहरू उपेन्द्र यादवको साथमा लाग्नुभयो । उपेन्द्र यादव शक्तिशाली भएपछि महन्थ ठाकुरको केही चलेन र उहाँ पार्टी विभाजन गरेर अलग हुनुभयो । जसपा नेपाल अहिले सरकारमा सहभागी भएको छ । सरकारमा सहभागी हुँदा पार्टीमा अलिअलि विवाद पनि भयो । सो पार्टीबाट महिन्द्रराय यादव कृषि तथा पशुन्छी विकास मन्त्री बन्नुभएको छ । प्रस्तुत छ, बाढीबाट किसानलाई भएको क्षतिबारे कृषि मन्त्रालयले के गरिरहेको छ, किसानले राहत कहिले पाउने, सरकारमा गठबन्धनको अवस्था कस्तो रहने छ ? लगायतका विषयमा सहारा टाइम्सले जनता समाजवादी पार्टीका कार्याकारिणी सदस्य एवं कृषि मन्त्री महिन्द्र राय यादवसँग गरिएको कुराकानीको सम्पादीत अंशः

**सरकारमा जाने निर्णय धेरै पहिला भएपनि सपथग्रहण गर्न किन यति ढिलो भयो ?**

-गठबन्धन बनेपछि नै ओली सरकारलाई हटाएर नयाँ सरकार बनाउने योजना बनेको थियो । केपी शर्मा ओलीले चालेको प्रतिगमनकारी कदमको विरुद्ध गठबन्धन बनेको थियो । स्वभाविक रुपमा लोकतन्त्रको रक्षाका लागि ओली सरकारलाई हटाउनु नै थियो । ओली सरकार हटेपछि अरु कुनै नयाँ सरकार बन्नु नै थियो । गठबन्धनमा रहेका दलहरुले नयाँ सरकार बनायो । यो लोकतन्त्रको जित नै हो । ओली सरकारको पालामा लोकतन्त्र खतरामा थियो । त्यसलाई गठबन्धनले जोगाएको हो । सरकार बन्ने कुरा भएपछि हाम्रो दलले पनि सो सरकारमा सहभागी हुने निर्णय गर्‍यो । तर निर्णय गर्ने बित्तिकै सरकारमा गइहाल्ने कुरा पनि हुँदैन । सरकारमा जानका लागि साझा कार्यक्रम हुनुपर्छ । सरकारमा किन जाने त्यसको एउटा रोडम्याप हुनुपर्छ ।

हामीले विगतदेखि उठाउँदै आएको मागहरु पनि पुरा हुनुपर्छ भन्ने लगायतको विषय थियो । त्यसमा छलफलका लागि एउटा कार्यदल बनेको थियो । त्यो कार्यदलमा म आफै पनि थिए । कार्यदलले सरकारको साझा कार्यक्रम, नीति तथा कार्यक्रम लगायतका कुरा समावेश गरेर एउटा प्रतिवेदन तयार गर्‍यो । सरकारलाई बुझायो पनि । त्यसमा धेरै कुराहरु समावेश छन् । सरकारको नीति तथा कार्यक्रमदेखि लिएर संविधान संशोधन, मधेशका अन्य माग पुरा गर्नेलगायत सरकार कसरी सञ्चालन गर्ने कुन विधिबाट गर्ने लगायतका विषयहरु समावेश गरिएको छ । त्यसले गर्दा सरकारमा सहभागी हुन अलि टाइम लाग्यो । त्यसपछि एमाले भित्रको लफडाले पनि सरकार विस्तारमा केही समय लाग्यो । एमाले पार्टीमा असन्तुष्ट रहनु भएका माधवकुमार नेपाल पनि गठबन्धनमा हुनुहुन्थ्यो ।

माधव नेपाल पक्षलाई पनि सरकारमा ल्याउने कुरा भइरहेको हुनाले एकैपटक सरकार विस्तार गरौं भन्ने सोच थियो । दल विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि माधवकुमार नेपालको टीम एमालेबाट अलग भयो । त्यहीबेला जसपा पनि विभाजन भयो । हामीले अध्यादेश फिर्ता लिन सरकारलाई आग्रह गरियौं तर प्रधानमन्त्री शेरबहादुर देउवाले ढिलाई गरिरहनु भएको थियो । अध्यादेश फिर्ता नलिएसम्म हामी सरकारमा सहभागी नहुने भन्यौ । त्यसमा पनि केही समय लाग्यो । यस्तै यस्तै कारणले सरकारमा सहभागी हुन अलि ढिलाई भएको हो अरु कुनै कारण छैन ।

**तपाईहरु अध्यादेश फिर्ता लिन किन भनिरहनु भएको थियो ?**

-लोकतान्त्रिक मूलकका लागि कुनै पनि दल विभाजनका लागि अध्यादेश ल्याउनु राम्रो होइन । पार्टी विभाजन राम्रो काम होइन । यसले देशमा अस्थिरता ल्याउनसक्छ । कुनै पनि दल चोखो रहन सक्दैन । २० प्रतिशत पुर्‍याएर जुनसुकै दल विभाजन हुनसक्छ । हरेक दलमा कुनै नकुनै रुपमा असन्तुष्टि छ । त्यो असन्तुष्टिका कारण पार्टी विभाजन हुने खतरा छ । पार्टीहरु विभाजन भयो भने लोकतन्त्र कमजोर हुन्छ । लोकतन्त्रका गहना नै दल हो । दलहरु जति बलियो हुन्छ लोकतन्त्र त्यति नै बलियो हुन्छ । त्यही भएर हामीले अध्यादेश फिर्ता लिन भनिरहेका थियौं ।

**गठबन्धनले बनाएको कार्यदलले दिएको प्रतिवेदन अनुसार सरकारले काम गरिरहेको छ जस्तो लाग्छ तपाईलाई ?**

-भर्खर मन्त्रीपरिषद् विस्तार भएको छ । मन्त्रीपरिषद् विस्तार हुने वित्तिकै चाडपर्व सुरु भयो । दशैं सकिएको छ । तिहार र छठ आउन लागेको छ । असोज र कात्तिक चाडपर्वमै बित्यो । असोज २२ गते मन्त्रीपरिषद् विस्तार भयो । दुई महिना चाडपर्वमै बित्ने भएकाले सरकारले सोचे जस्तो काम गर्न सकेको छैन । सरकार फुलफेजमा चल्न थालेपछि कार्यदलको प्रतिवेदनको प्रभाव देखा पर्छ । अहिले त आवश्यकता अनुसार काम मात्र भइरहेको छ । चाडपर्व सकेपछि त्यो कुराको अनुभूती हुन्छ । हामीलाई विश्वास छ, गठबन्धनले तयार गरेको म्याण्डेट अनुसार नै यो सरकार चल्छ र चल्नु पनि पर्छ । हामी चाहन्छौं, कि सबैको साझा सहमतिमा यो सरकार चलोस् ।

**तपाई चाडपर्वका कारण सरकार फुलफेजमा नचलेको भनिरहनु भएको छ तर प्रधानमन्त्री शेरबहादुर देउवाले आफू खुशी धमाधम कामहरु गरिरहनु भएको छ, मन्त्री नियुक्तिदेखि राजदूत नियुक्तसम्म तपाईहरुसँग सायद उहाँले कुनै सल्लाह गर्नुभएन, तपाईले त्यो अनुभव गर्नुभएको छ कि छैन ?**

-प्रधानमन्त्रीजीले पछिल्लो समय गर्नुभएको केही नियुक्तिमा जसपासँग कुनै सल्लाह भएको छैन । सल्लाह हुनुपर्थ्यो, त्यो भएन । सायद परस्थिति नै त्यस्तै भएर होला, गठबन्धनमा रहेका दलहरुसँग सल्लाह भएन । हामी अपेक्षा गर्छौं आउने दिनमा गठनबन्धनमा सल्लाह गरेर सरकार सञ्चालन गर्नुपर्छ ।

**जसपाबाट तपाईहरु मन्त्री बनेपछि पार्टीमा विवाद नै उत्पन्न भयो, त्यस्तो किन ?**

-त्यसलाई विवाद भन्न मिल्दैन । यस्ता सानातिना असन्तुष्टि हरेक पार्टीमा हुन्छ । मन्त्री बन्ने चाहना सबैको हुन्छन् । न बनेपछि चित्त दुख्नु स्वभाविक हो तर त्यो मिल्दै जान्छ । पार्टीमा इमान्दारीपूर्वक काम गरेपछि एकदिन न एकदिन अवश्य मूल्यांकन हुन्छ । आत्तिनु हुँदैन । मन्त्रीको सीट पनि सिमित हुन्छ, सबैलाई एकैपटक मन्त्री बनाउन सकिदैन । त्यसैले केही असन्तुष्टिहरु छन् । अहिले ती सबै मिलिसकेको छ । अब कुनै असन्तुष्टि छैन ।

**तपाई कृषि मन्त्री भएसँगै किसानहरुका लागि ठूलो संकट आइलाग्यो यसलाई अब तपाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

-नेपाल कृषि प्रधान देश हो । यसको मेरुदण्ड भनेको नै कृषि हो । कृषि पेसा देशका लीाग गौरवशाली पेसा हो । यही पेसाबाट नै देशको समृद्धिको यात्रा सुरु हुन्छ । विश्वमा भइरहेको जलवायु परिवर्तनका कारणले कृषिलगायत अन्य कुरामा असर गरेको छ । खासगरि ठूला देशहरुले कार्बन उत्खनन गर्दा साना तथा अविकसित मुलुकमा यसको ठूलो प्रभाव पर्छ । यसलाई नियन्त्रण गर्ने काम भइरहेको छैन, अरु कुनै पनि उपाय पनि छैन । अर्को हाइब्रिड जातको बीउले गर्दा पनि केही समस्या ल्याएको हो । पहिला पहिला असारमा रोपेको धान मंसिर नलागेसम्म काट्न मिल्दैन्थ्यो तर अहिले असारमा रोपेको धान असोजदेखि नै काट्न सुरु हुन्छ । किसानका लागि यो राम्रो कुरा हो । तर जलवायु परिवर्तनका कारण बेलाबेलामा किसानलाई दुख दिने काम गरेको देखिन्छ । पछिल्लो समय बेमौसमी वर्षका कारण भएको धनजनको क्षतिले साँच्चै किसानका लागि पीडिादाय विषय हो । यसमा हामी पनि गम्भीर छौं । किसानको मुख्यबाली धानमा नै यतिका ठूलो असर गरेपछि वास्तवमा देशको अर्थतन्त्रमा असर पार्छ नै त्यसले किसानको दैनिक गुजारालाई पनि प्रभावित पारेको छ । सरकारले किसानको पीडा बुझेको छ । त्यो पीडालाई कम गर्नका लागि राहतको व्यवस्था गरेको छ । किसानलाई कति सहयोग गर्न सकिन्छ । त्यसको बारेमा सरकारले थप सोच्दैछ ।

**त्यो बेमौसमी वर्षाले किसानलाई कतिको क्षति गरेको छ । कुनै तथ्यांक छ ?**

-कृषि मन्त्रालयले स्थानीय तह तथा प्रदेशमार्फत बाढीबाट भएको क्षतिको बारेमा विवरण संकलन गरिरहेको छ । पहिलो चरणको प्रारम्भिक विवरण आइसकेको छ । हालसम्म किसानले लगाएको क्षेत्रफलमध्ये एकलाख ११ करोड हेक्टर क्षेत्रफलमा लगाइएको धानमा क्षतिपुगेको छ । त्यसको लागत अनुमान ११ अर्ब ८८ करोड रुपियाँ भन्दा बढीको क्षति भएको छ । त्यसको मूल्यांकन गरी हामीले पीडित किसानलाई ५ अर्ब ५२ करोड रुपियाँ राहत स्वरुप दिन गइरहेका छौं । यो पूर्ण विवरण होइन । यो सुरुमा किसानलाई राहत होस् भनेर हामीले यो रकमको व्यवस्था गरेका छौं । विवरण संकलन गर्ने काम भइरहेको छ । पूर्ण विवरण आइसकेपछि हामीले अरु थप राहतको व्यवस्था गर्छौं ।

अहिले संघीय सरकारले साढे पाँच अर्ब रुपियाँ नगद वितरण गर्नेछ । अरु बाँकी अनुदान, सहुलियतलगायतका राहत प्रदेश तथा स्थानीय सरकारमार्फत वितरण हुनेछ । हामीले राहत वितरण गर्नका लागि किसानको पनि वर्गिकरण गरेका छौं । १० कठ्ठा हुने किसानले प्रति कठ्ठा १९२१ रुपियाँ क्षतिपूर्ती पाउनेछन् भने ११ कठ्ठादेखि दुई विघा हुने किसानले ८८७ रुपियाँको दरले राहत पाउने व्यवस्था हामीले गरेका छौं । त्यस्तै, दुई विघाभन्दा बढी जमिन हुने किसानले प्रति कठ्ठा ५९१ रुपियाँ राहत स्वरुप पाउनेछ । यसरी हामीले राहतको व्यवस्था गरेका छौं । अहिले राहत वितरण गर्नका लागि कार्यविधिहरु बन्दैछ । एकदुई दिनमै त्यो टुगिंन्छ । कार्यविधि पास हुने वित्तिकै हामीले किसानको खातामा रकम पठाउने व्यवस्था गर्छौं । तर हामी एउटा के कुरामा सचेत छौं भने जो असली पीडित किसान छन् उसले मात्र यो राहत पाओस् । जसको क्षति भएको छैन, त्यसले पहुँचको आधारमा पाउनु हुँदैन भने कुरामा हामी सचेत छौं । यसका लागि स्थानीय तहलाई जिम्मेवारी दिएका छौं । त्यसले असली पीडित किसान छनौट गरी विवरण तयार गरिरहेका छन्

**बाढीले धानमा मात्र क्षति गरेको छैन नि पशुपन्छी, दलहन, तेलहन, फलफूल, तरकारीलगायतमा पनि क्षति पुर्‍याएको छ, त्यसका लागि कृषि मन्त्रालयले के गरिरहेको छ ?**

-धान मुख्य बाली हो । धानमा सबभन्दा बढी क्षति भएको छ । त्यसैले सुरुवातमा हामी धानमा विशेष जोड दिएका छौं । अरु बालीमा पनि क्षति पुगेको छ तर धान जतिको क्षति पुगेको छैन । पशुपन्छीलगायत अन्य बालीवस्तुमा भएको क्षतिको विवरण पनि संकलन गर्ने काम भइरहेको छ । पशुपन्छीको हालसम्म प्राप्त विवरण अनुसार ५४ करोड रुपियाँ बराबरको क्षति भएको छ । यो प्रारम्भिक विवरण मात्र हो । यसमा अझै थपिन सक्छ । वास्तविक विवरण लिनका लागि फिल्डमै जानुपर्ने हुन्छ । त्यसका लागि स्थानीय तह, प्रदेश तथा केन्द्रका कर्मचारीहरु खटि रहनु भएको छ । हामी पनि अनुगमनमा जाने सोचि रहेका छौं । राहत तथा क्षतिपूर्ती पाउनका लागि कुनै पनि किसान नछुट्न भने हाम्रो सोच हो र त्यही अनुसार हामी काम गरिरहेका छौं ।

**झण्डै १२ अर्बको क्षति भएको छ, अनि साढे पाँच अर्ब रुपियाँ राहत वितरण गर्नुहुन्छ, यसले किसानलाई सन्तुष्ट गराउन सकिन्छ त ?**

-मैले सुरुमै भने नि कि यो प्रारम्भिक विवरणको आधारमा प्रारिम्भक राहत हो । यो सुरुवात हो । पछि विवरण आइसकेपछि थप के के गर्न सकिन्छ । छलफल गरेर हामी किसानलाई सन्तुष्ट हुने गरी सहयोग गर्छौं । हामी पूर्ण विवरणका लागि पर्खेनौं । जेजति विवरण आएका छन्, त्यसका आधारमा अहिलेलाई दिइहालौं बाँकी पछि गरौंला भनि सोचले यो गरेका हौं । अर्को कुरा यो नगदमा दिने राहत हो । त्यसबाहेक हामीले सोचेका छौं, कि किसानले बैंकबाट ऋण लिएको छ, भने त्यसको बारेमा के गर्न सकिन्छ । बीउमा कसरी र कति सहुलियत दिने, मलमा कसरी सहुलियत दिने, मेसिन तथा औजारमा अनुदान कसरी दिने लगायतका विषयमा पनि छलफल भइरहेको छ । स्थानीय तह, प्रदेश र संघबीच समन्वय भइरहेको छ । किसानलाई बढीभन्दा बढी राहत कसरी दिन सकिन्छ त्यसको बारेमा हामी चिन्तित छौं ।

**सरकारले किसानका लागि छुट्याएको राहत रकम उनीहरुले समयमा पाउँछन् भने त्यसको ग्यारेन्टी के छ, यसअघि पनि सरकारले राहतका रकम छुट्याएको हल्ला गरेको थियो तर किसानले पाएन यसपाली पनि त्यस्तै हुने हो कि ?**

-कहिले कुन सरकारको पाला किन वितरण भएन, कसले किन पाएन भने कुरा मलाई थाह भएन । तर यसपाली सरकारले जेजति घोषणा गरेको छ ती सबै पाउँछन् यसमा म ढुक्क रहन सबैलाई आग्रह गर्दछु । सरकारले क्षतिपूर्ती दिन सकेको छैन, राहत दिइरहेको छ । जति घोषणा गरेका छन् त्यति अवश्य पाउने छन् । ११ अर्बको क्षति भएको छ । यदि सरकारसँग क्षमता भएको भए ११ अर्ब नै दिन्थ्यो तर पाँच अर्ब दिने प्रतिवद्धता जनाएको छ र त्यो दिन्छ पनि । प्रधानमन्त्री शेरबहादुर देउवा आफैपनि किसानप्रति चिन्तत रहनु भएको छ । त्यसका लागि उहाँले समिति गठन पनि गर्नुभएको छ । समितिले काम गरिरहेको छ । तयारी पूरा भएपछि किसानले चाँडै नै त्यो राहत बैंकमार्फत पाउनेछन् ।

**राहत वितरण पारदर्शी हुन्छ भने कुराको ग्यारेन्टी के छ, यसका लागि सरकारले के के गरिरहेको छ ?**

-पहिलो कुरा राहत ककसले पाउने हो त्यो विवरण स्पष्ट हुनुपर्‍यो । अहिले क्षतिको विवरण मात्र आएको छ । तर कुन किसानको कति क्षति भएको छ त्यसको बारेमा विवरण आउन बाँकी छ । पालिकाहरु किसानको विवरण तयार गरिरहेका छन् । जो पिडित किसान छन्, उनको विवरण तयार भएपछि उनीहरुलाई बैंकमा खाता खोल्न लगाएर, सिधै बैंकमा रकम पठाउँछौं । हाम्रो प्रयास भनेको पिडित किसानले मात्र राहत पाओस् । जसको क्षति भएको छैन त्यसले नपाओस् । यसका लागि कार्यविधि बनिरहेको छ । चाँडै नै त्यो कार्यान्वयन हुन्छ ।

**किसानलाई मौसमको बारेमा सूचना दिने यत्रो संयन्त्र मन्त्रालयसँग छ, मौसम बुलेटिन नै प्रकाशित गर्छन्, फोन म्यासेजबाट पनि सूचना पठाउँछन् तैपनि यतिको क्षति भयो कसरी ?**

-किसानलाई सूचना दिने, उसको समस्याहरु समाधान गर्ने खालको संयन्त्र मन्त्रालयअन्तर्गत रहेका छन् । किसानलाई सूचना पनि पठाएकै हो तर त्यो सूचना किसानसमक्ष नपुग्दै पानी पर्न थाल्यो र क्षति भयो । यो पानी यसरी अचानक आयो कि किसानले सूचना पनि हेर्न पाएन । सूचना पुगेको छ तर प्रकृतिक प्रकोपको अगाडि कसैको केही चलेन । मन्त्रालयसँग जति क्षमता छ त्यही अनुसार सूचना पुर्‍याउने प्रयास गरिरहेको छ । कृषि सूचनालाई अझै प्रभावकारी बनाउने प्रयासहरु भइरहेका छन् । किसानले छिटोभन्दा छिटो कसरी सूचना पाउने त्यसको बारेमा पनि हामीले छलफल गरिरहेका छौं ।

# माटोले चिन्दछ मु



◆ डा.मधु गिरी

नेपालको मधेशमा बसोबास गर्ने मुसहर समुदाय र प्राकृतिक स्रोतः माटो (जमिन), रुख (जङ्गल) र पानी बीचको कस्तो सम्बन्ध छ भन्ने सिधा प्रश्नको उत्तर सजिलो छ । प्रायः सबैलाई सिकाइएको छ, मुसहरहरुसँग आफ्नो माटो, रुख र पानी छैन । महङ्खवपूर्ण प्रश्न हो, मुसहरहरुका लागि माइटे वा माटोलाई बुझ्ने दृष्टिकोण, संस्कृति र आत्मसम्मान कसरी जोडिएको छ ? दृष्टिकोण र संस्कृतिलाई विज्ञानका नाममा अरु बढी हस्तक्षेपकारी बनाई राज्य, गैर-सरकारी सङ्घसंस्था, शैक्षिक प्रणाली र सञ्चार माध्यमबाट अरु बढी बलियो बनाइयो । यसै प्रक्रियाबाट निर्मित निजी जमिन, जमिनको व्यक्तिकरण, निजी सम्पत्तिको मूल्य-प्रणाली, व्यक्तिकरणको संस्कृतिको शिकार नेपाल-भारतमा बस्ने फरक मूल्य-प्रणाली, फरक दृष्टिकोण भएका मुसहर समुदाय भएका छन् । माटो र मानिस बीचका सम्बन्धहरु मान्छेद्वारा निर्मित काल्पनिक व्याख्याहरुमा भर पर्दछन् । शक्तिशाली समुदायले कल्पना गरेको व्याख्यालाई कानुनको रुपमा वा मूल्य मान्यताको रुपमा स्वीकार गरिन्छ । त्यही खेलका नियमअनुसार प्राकृतिक स्रोतसँग मान्छेको पहुँच र सम्बन्ध निर्धारण गरिएको हुन्छ । माटो र मुसहर समुदायको सम्बन्धलाई पनि त्यही दृष्टिकोणबाट बुझ्न र व्याख्या गर्न सकिन्छ ।

जसरी राज्य, राष्ट्र र राष्ट्रिय झण्डा काल्पनिक हुन्, जसरी समुदाय, नाता-सम्बन्ध काल्पनिक हुन्, त्यसै गरी माटोको स्वामित्व पनि काल्पनिक हो । नेपाल राष्ट्र-राज्यनिर्माणको क्रममा केही सामुदायिक स्वामित्वलाई अन्त्य गरी भूमिको निजीकरण गरेको तथ्य सर्वविदितै छ । मुसहर-माटो-सम्बन्धलाई पनि त्यसै सन्दर्भमा बुझ्न सकिन्छ, तर अलिक भिन्न जोड-कोणबाट यसको अध्ययन हुनु जरुरी छ । मुसहर समुदायका केही सचेत युवाले माटो-मुसहरबीच नङ्ग-मासुको सम्बन्धलाई मौलिक तरिकाले पुनर्निर्माण गरिरहेका छन् । उनीहरुले आ पुर्खाको सम्बन्ध र त्यसपछिको विकसित अवस्थाले सिर्जना गरेको माटो-मुसहरको सम्बन्ध-विच्छेद्लाई 'माटो दिवस' वा 'भुइँया दिवस' नामक काल्पनिक अवधारणाबाट पुनः जोड्न खोजिरहेका छन् ।

**माटो र मुसहरको सम्बन्ध**

२०६८ भाद्रदेखि मङ्सिरसम्मको आफ्नो विद्यावारिधी अनुसन्धानको लागि म साविकको जमदह गा.वि.स., हालको गोलबजार नगरपालिका वडा नं. ३, जमदहमा बस्थें । यस पटकको बसाइमा धेरै मुसहर र अन्य जातजातिका जमदह निवासीहरुसँग राम्रो चिनजान भएको थियो । उनीहरुसँगको बसाइमा जमदह वरिपरिका जमिन, चुरेजङ्गल र तिनीहरुसँग जोडिएको इतिहासका कुरा धेरै हुन्थे ((गिरी सन् २०१८ एः ७७) । एक दिन जमदह भाङवारीका ५८ वर्षीय लछना सदासँग मुसहरनिया-चुरेफेदी जमदह घुम्ने सल्लाह भयो । बिहानको खानापछि साढे दश बजे हामी मुसहरनियातर्फ हिड्यौं । बाटोमा लछनाले वरिपरि रहेका मुसहरनियाका तामाङहरुको खेतबारीको निर्माणको कथा सुनाए, खेतबारी देखाउँदै भने, "यहाँको माटोले हामीलाई चिनेको छ ।" मेरो मनमा कौतूहलता जाग्यो, तर हामी मुसहरनिया पुगिसकोले थप प्रश्न सोधिन । मुसहरनियाको पिपलफेदको शितलमा किसुन सदा भेटिए । उनी दाउरा काट्दा बन्चरोले खुट्टामा लागेको चोटका कारण घरछेउमा बसेका रहछन् । उनल`` कपडा खोलेर घाउ देखाए । मैले चोट ठूलो देखेर सोधें, "के औषधि लगाउनुभएको छ ?' किसुनले भने, माटो र जडिबुटी ।' उनले थपे, लौ सर यहाँको माटो रुख विरुवाले हामीलाई चिनेको छ । यो भन्दा ठूलो चोट हुँदा हातखुट्टा भाँचिदा दुख्दा मोटोले सन्चो बनाउँछ । हाम्रो पुर्खाले हजुर बाहरुले यस्तै सिकाएका थिए । खास प्रकारको माटाले औषधीको काम गर्दछ ।'

यहाँ माटोले को कोलाई चिन्छ र किन चिन्छ भन्ने प्रश्न मेरो घाँटीमै अड्कियो । सोधे, यहाँका सबै मानिस यसै गर्दछन् ?' किसुनले भने, होइन, मुसहरलाई मात्र थाह छ, कुन माटो, कुन जडिबुटी औषधी हुन्छ ।। यहाँका माटोले मुसहरलाई बचाउँ ।' उनले सुनेका थिए, मुसहरका पुर्खाले माटो पनि पचाउन सक्थे । त्यसो त माटो नै खाने समुदाय पनि अफ्रिकाको सब सहारा क्षेत्रमा छन् ।

शरीरका विभिन्न रोगलाई निको पार्न सक्छन् (एम्बीला सन् २०१३ः २००) । किसुन सदाको माटो-औषधी सुन्दा अचम्म र अवैज्ञानिक लागे पनि यो वास्तवमा परम्परागत मौलिक ज्ञान-प्रणालीमा आधारित व्यवहार हो । तर उनको भनाइ सुनेर पढेलेखेका युवाहरु 'बुद्धि नभएको मुसहर' भनेर हाँस्छन् । उनको ज्ञानलाई आधुनिक शिक्षा पढेका धेरैले जिस्क्याउँछन् र उनलाई पागल भएको घोषणा गर्दछन् । किसुन सदालाई त्यहीं छाडेर लछना र म तामाङ बस्तीतिर हिड्यौं । बाटोको छेउमा रहेको बाँसघारीको शितलमा ४/५ जना बुढापाका बसेका रहेछन् । तामाङ भाषामा कुरा हुँदा लछनाले यो ठाउँमा घुम्न आएको भनी बताए । त्यत्तिकैमा ७८ वर्षका काहिला लामाले भने, "हाम्रा पुर्खा काभ्रे-सिन्धुली हुँदै यहाँ आएका रहेछन् । यहाँ सबैभन्दा ठूलो बस्ती तामाङको छ, त्यसपछि मुसहरको । तर के गर्नु, मुसहरको माटो छैन । अलिकति माटो भएका मुसहरले पनि माटो सके, खाए ।"

लामाले माटोको व्यक्तिगत र कानुनी सम्बन्धलाई बुझाउन 'माटो छैन र माटो खाए' भन्ने शब्दको प्रयोग गरेका रहेछन् । उनका शब्दमा "तामाङसँग यति मुरी माटो छ, मगरसँग पनि मुरी माटो छ । अन्य समुदायसँग यति पाथी-मुरी माटो छ । तर मुसहरसँग एक मुठी पनि छैन ।" उनले माटोको नाप भनेको जमिनसँगको स्वामित्व र अधिकारलाई माटोको नापअनुसार व्याख्या गरेका रहेछन् । "यहाँको माटोले हामीलाई चिन्दछ" भन्ने लछना सदाको शब्द, "माटो चिनेको छु" भन्ने किसुन सदाको भनाइले मात्रै होइन, त्यसको अर्को अर्थ लाग्ने "मुसहरसँग माटो छैन" भन्ने काइँला लामाको भनाइले मलाई माटोका विषयमा थप जान्न र अनुसन्धान गर्न उत्प्रेरित गरे । लामाको भनाइले मलाई भित्रसम्म छोएको थियो । लामाको भनाइअनुसार "मुसहरहरुसँग आफ्नो मात्र नभएको हो, तर माटोको कला राम्रो छ । माटोमा खेल्न र लुक्न जानेका छन् मुसहरहरु ।"

त्यसपछिको यात्रामा लछनाले बस्तीमाथिको चुरे फेदीमा हिडाए । आफ्नो बाल्यकालदेखि चरुवा गर्दादेखि चिनेका बोटबिरुवा र ठाउँ देखाए । उनले भने, "यो रुखले मलाई चिन्छ, यस रुखमाथि चढेर ५० भन्दा बढी पटक घँस काटेको छु । यहाँको माटोले चिन्छ, किनभने यहाँ लस्करै आकासको पानी सङ्कलन गर्ने साना साना खाल्टा (ढोविल्का )मैले नै बनाएको छु । मालिकको घरको लागि, ती ढोविल्कामा सङ्कलन भएको पानी हिउँदमा घरमा बोकिन्थ्यो र गाईवस्तुलाई त्यहाँ पानी खुवाइन्थ्यो । यो ढोविल्को मैले बनाएको हो । यो हो, त्यो हो, त्यो रुखको घाँस धेरै पटक काटेको छु । त्यो रुखले मलाई चिन्छ ।"

यसरी रुख, माटो र पानीको आँखाबाट मानिसलाई हेर्ने वा मानिसको सोच्ने, हेर्ने तरिका माटो, रुख वा पानीको तहमा पुर्‍याउने विधि मानवशास्त्रमा पढेको मात्रै थिए'', आज साक्षात्कार नै गर्न पाएँ । बुझ्ने तह समान हुन्छ भन्ने विश्वासले नै होला, किसानहरु गाईवस्तुसँग कुरा गर्दछन् । मुसहरहरु पनि रुख, पानी र माटोसँग कुरा गर्दछन् । मानवशास्त्रीहरु र माटो वैज्ञानिकहरुका अनुसार माटो पनि जीवित र मृत हुन्छ । उत्पादनका हिसाबले र सांस्कृतिक मूल्यका हिसाबले माटोलाई जीवित र मृत भनिएको छ (मनुस्टर सन् २०१७ः १) । यसको अर्थ जीवित माटोले चिन्छ ।

मुसहरहरुको विश्वासमा सत्य छ । पक्कै पनि उनीहरुमा फरक तरिकाले सोच्ने पद्धति र फरक मूल्य-व्यवस्था छ । त्यही भएकोले होला, आफ्नो 'स्वामित्व' मा माटो र रुख नहुँदा पनि मुसहरहरु तिनले चिन्छन् भन्ने विश्वास गर्दछन् । यहाँ मुसहरको सन्दर्भमा प्राकृतिक वस्तु र स्वामित्व बीचको सम्बन्धको प्रश्न उठ्यो । स्वामित्वले वस्तु वा मानिससँगको सम्बन्धलाई प्राकृतिक बनाउन सकेको हुँदैन । आखिर स्वामित्व के हो ? राज्य के हो ? स्वामित्व पनि प्राकृतिक अवस्था नभएर बोलवाला, सांस्कृतिक कल्पनाबाट निर्मित दृष्टिकोण हो (वाग्नर सन् १९८७ः १०, भिभेरो डि कास्ट्रो सन् २०१७ः ३०) ।

लछना सदा र किसुन सदाले भनेको रुख र माटोले चिन्छन्, पानीले चिन्छ भन्नुको मतलबलाई हामीले सिकेको-जानेको दृष्टिकोण र ज्ञानको आधारमा मात्रै बुझ्नु हुँदैन । यसको अर्थ बोलवाला भएको राज्यले निर्माण गरेको व्यक्तिगत स्वामित्वको सम्बन्धभन्दा फरक र गहिरो छ । त्यसै क्रममा लछना सदाले सुनाएको मुसहरका पुर्खाहरुको उत्पतिको कथा अर्थपूर्ण छ- हाम्रा पुर्खा माटोबाट उत्पति भएका थिए रे । सुरुमा ती मान्छे बने, तर आवश्यकताअनुसार मन्त्र गरी 'बाघ' बन्न सक्ने क्षमता भएका थिए । हामीले मन्त्र बिर्सियौं, तर बाघले हामीलाई मार्दैन, बाघले चिनेको छ । बाघ र मानिस ना पुर्खाको आत्मा भनेर मुसहरहरुले एउटै आत्माका रुपमा मान्दथे पुर्खाले । आ बाघलाई 'बघिन' देवताको रुपमा पूजा गर्दछन् । वन-जङ्गलको नजिक बस्न रुचाउने भए पनि विस्तारै खेतीपाती गर्न आफैले खेतबारी बनाए । मुसहरहरु अन्य मानिसभन्दा भिन्न तरिकाले बाघ, माटो, पानीलाई चिन्दछन् ।

**दिनाभद्री मुसहरको पुर्खा**

लछना सदाले सुनाएको माटोको कथा सकिएको रहेनछ । हामी चुरे फेदीको वन छेउमा दिना भद्रीले व्यायाम गर्ने ठाउँमा पुग्यौं । त्यहाँ उनले छातीमा हात राखेर भने, "जय दिना-भद्री !" त्यहाँको ढुङ्गामा कुँदिएको आकृति देखाउँदै भने, "यस ठाउँमा दिना-भद्री (हाम्रा पुर्खा) ले व्यायाम गर्दा रहेको छाप प्रस्टै छन् ।" "यो ठाउँको ठीक तल ठूलो दह थियो रे" भन्दै उनले वरिपरिका हरेक ढुङ्गा, माटो, पानी र रुखका सम्बन्ध मुसहर समुदायसँग जोडिएको बताए । जमदह, कुम्भीखाडी काललगायत पानीको संरक्षण गरी मुसहरहरुले पोखरी बनाएकाले त्यस वरपर मानव बस्ती सम्भव भएको उनले सुनाए । उनका अनुसार जमदह-मुसहरनियामा खेतीयोग्य जमिन मुसहरका पुर्खाले निर्माण गरे, तर जति बेला राज्यले जमिनलाई व्यक्तिगत स्वामित्वसँग जोडिदियो, माटोलाई व्यक्तिकरण गर्ने राज्यको प्रक्रियामा मुसहरहरु भने सामेल भएनन् । मुसहर समुदायका लागि त राज्य भनेकै एक 'एलियन', एक अपरिचित संस्था र डरलाग्दो अवधारणा र कल्पना थियो । त्यस संस्था र अवधारणसँग नजिक र परिचित नभएकाले उनीहरु त्यसले थालेको प्रक्रियाभित्र बस्न चाहेनन् । आफैले भोगचलन गरेको माटो हुँदाहुँदै पनि उनीहरुले 'राज्यले अनाहकमा दुःख दिन्छ' भन्ने मान्यताले माटोलाई व्यक्तिकरण गर्न मानेनन् ।

सिरहा जिल्लाको बस्तीपुरका जमिन्दारले २०२१ सालपछि जग्गाको हदबन्दी सुरु भएपछि मुसहरहरुका नाममा जग्गा पास गराउन खोज्दा उनीहरु नमानेको प्रसङ्ग सुनाएका थिए । त्यहाँका मुसहरहरुले पनि राज्यसँग डराएर व्यक्तिगत जमिन राख्न नमानेको स्वीकारेका थिए (गिरी सन् २०१८एः २१७) । उनीहरुका लागि माटो, रुख र पानीको निजीकरण गर्ने तथा अन्य मानिसलाई वञ्चित गर्ने प्रणाली नौलो हो । उनीहरुमा समूहमै बस्ने, खाने-पिउने, काम गर्ने र निर्णय गर्ने परम्परा र बानी थियो । त्यही ज्ञान-प्रणालीमा सामाजिकीकरण भएकोले उनीहरु सामूहिक कामका लागि जाने गर्दछन् । स्थानीय गाउँठाउँका ज्यालादारी काममा पनि सामूहिक मजदुरीमा जान रुचाउँछन् र एक्लै ज्यालादारी काममा जान त्यत्ति मन पराउँदैनन् ।

माटो वा जमिनको निजीकरण वा व्यक्तिकरणलाई आधार मानेर मुसहर समुदायलाई गरिब, असभ्य र अज्ञानीको रुपमा आरोपित गर्ने गरिएको सन्दर्भमा उनीहरुका विचार उल्लेखनीय छ । स्रोत-साधनको

# ुसहर समुदायलाई

व्यक्तिकरण वा निजीकरण गरिने पुँजीवादी समाजको नजरले हेर्दा मुसहर समुदायका संस्कृति, दृष्टिकोण र मूल्य-प्रणाली फरक देखिन्छन् । आर्थिक वा प्राकृतिक स्रोत, साधन र सम्पदासँग फरक सम्बन्ध भएकै आधारमा, फरक संस्कृति भएको कारणले कोही गरिब, अविकसित वा असभ्य हुँदैन । जबदेखि लाउजे बासिन्दालाई आधुनिक र सभ्य बनाउने योजनामा आधुनिक खेती, त्यो पनि बजार-केन्द्रित खेती प्रणाली स्थापित गरियो, त्यसपछि भूमिको निजीकरण मात्र भएन, धेरै परिवार विस्तारै जमिनविहीन भए । यसरी सामूहिक भूमि र परम्परागत कृषि खेती-प्रणालीको साटो पुँजीवादी अर्थ-राजनीतिमा आधारित निजी खेती अवलम्बन गर्दा धेरै परिवारले भूमि गुमाए (ली सन् २०१४: १२) । भारतीय समाज-वैज्ञानिक वन्दना शिवाको भनाइअनुसार, पुँजीवादी अर्थ-राजनीतिको शोषणले गर्दा निजी/व्यक्तिगत फाइदा/नाफाका लागि प्राकृतिक स्रोतको अत्यधिक दोहन मात्रै हुने होइन, यस्तो प्रणालीका कारण सम्पदाको पुनःउत्पादन गर्न सक्ने क्षमताको अन्त्य र विपन्न समुदायलाई सम्पदाको पहुँचबाट अलग गरिन्छ (शिवा सन् १९९९: ९) ।

आफ्नो जमिन बनाउन डराउँछन् मुसहर

लामो समयसम्म नेपालका विभिन्न समुदायले माटोलाई मौलिक परम्पराअनुसार प्रयोग गरेका थिए, तर आधुनिक राज्य प्रणालीमा शासनका दायरा बढाउन र राज्यले माटोको सांस्कृतिक महङ्खवलाई निरुत्साहित गरी आर्थिक प्रयोजनलाई बढावा दिएको छ । मानवशास्त्री जनक राईले 'धिमाल समुदायले व्यक्तिगत भूमिलाई दुःख' भन्ने गरेको सम्झदै दावी गरेका छन्, "जमिनको व्यक्तिकरण दुःखको अवधारणासँगै जोडिएकोले धिमालहरुले जमिनलाई व्यक्तिकरण गर्नेमा चासो दिएनन् र राज्यले विस्तारै सामूहिक पहुँचलाई नियन्त्रण गर्दा उनीहरु भूमिबाट वञ्चित भए (राई सन् २०१५: ७०) ।" मेरो अध्ययनको पनि निष्कर्षमा मुसहर समुदायका लागि व्यक्तिगत सम्पत्ति र निजी भूमिको अवधारणा आयातीत, अपरिचित र अनौठो र डरलाग्दो कुरा हो (गिरी सन् २०१८: २१२) ।

धेरै मुसहर व्यक्तिगत जमिन बनाउन डराउँथे र अझै पनि डराउँछन् । किनभने राज्यः पुलिस, कानुन, अदालत, अफिस भनेका आफूहरुजस्ता फरक संस्कृति र दृष्टिकोण भएका समुदायलाई सजाय दिने संस्था हो भन्ने उनीहरुको बुझाइ छ (गिरी सन् २०१८: २१३) । यी अध्ययनका अधारमा के भन्न सकिन्छ भने प्रकृतिसँग, माटोसँग मुसहर समुदायको मित्रता छ, उनीहरुका लागि माटो देवता हो, खाना हो, तर राज्यको शक्तिले यसलाई 'अपवित्र' बनाएको छ । उनीहरुबीचको प्राकृतिक सम्बन्धलाई अलग्याएको छ । कानुनी वा आधुनिक औपचारिक, कागजी सम्बन्धले माटोबाट मुसहरहरुलाई अलग बनाएका छन् ।

मुसहरहरुको पर्यावरणीय ज्ञान, त्यसभित्र पनि माटो, रुख र पानीको ज्ञान विशिष्ट छ । त्यसैगरी यी प्राकृतिक स्रोतसँगको सांस्कृतिक सम्बन्ध सामूहिक हुनु यस समुदायको कमजोरी नभएर फरक सांस्कृतिक मूल्य हो । लछना सदाले मात्रै होइन, ५५ वर्षका घुसका सदाले मुसहर समुदाय माटोप्रेमी भएको कथा बारम्बार सुनाए । यस समुदायमा पनि मुसहर र माटोलाई एक-अर्काका पर्यायको रुपमा हेरिन्थ्यो । पोखरी खन्ने, खेतबारी सम्याउने, नयाँ खेतबारी निर्माण गर्ने काम मुसहरको प्राकृतिक कामजस्तो गरी व्याख्या गरिन्छ ।

मुसहरहरुका घरमा माटो नै माटोको गारो लगाइएको, माटोको खपटाको छाना भएको घर सबैभन्दा राम्रो घर मानिन्छ । उनीहरुका अधिकांश घर फुसको छाना र बाँसको टाट (बार) र माटोको भित्ता बनाइएको देखिन्छ । यसरी माटोलाई अगाध प्रेम गर्ने यो समुदायलाई जमिनको निजीकरणसँगै स्थापना भएको जमिन्दारी प्रणालीभित्रको कृषि-दास, हरुवा, चरुवा र कृषि मजदुरको रुपमा शोषण मात्र गरियो । उनीहरुलाई मानिसको तहभन्दा तल राखी हेप्ने र आत्मसम्मान गिराउने प्रकारको अर्थ-राजनीतिक-सांस्कृतिक-सामाजिक सम्बन्ध स्थापित र प्राकृतिकीकृत गरियो । माटोमा काम गर्ने कला र क्षमतालाई जमिन्दारी र हिन्दू धर्मको वर्णव्यवस्था र जातप्रथाभित्रका छुवाछूत र अर्थ-राजनीतिक बहिष्करणको शिकार बनाइयो । उनीहरुका फरक मूल्य-प्रणाली र फरक दृष्टिकोणलाई सम्मान गर्नुको सट्टा मूलप्रवाहको आधुनिक भनिएको अर्थ-राजनीतिक मूल्य-प्रणालीको प्रभुत्वलाई हावी गराइयो । सन १९९० पछिको राज्यको आर्थिक उदारीकरण, राजनीतिक परिवर्तनपछि जमिन्दारीभित्रको कृषि-दास, हरुवा चरुवाको वैधानिक स्थान खारेज भइसकेपछि मुसहर समुदायहरुमा आधुनिक राज्य र अर्थ-राजनीतिको प्रभाव प्रभुत्व देखिन थालेको छ ।

लछना र घुसका सदाका अनुसार आजभोलिका २०-२५ वर्ष उमेर समूहका मुसहर युवायुवती कृषि मजदुरी वा कृषिसँग जोडिएको माटोको काम गर्न मन पराउँदैनन् । हुन त उनीहरुले हरुवा चरुवासँग जोडिएको शोषण भोगेका थिएनन्, न त आत्मसम्मान गुमाएको जीवनको पराकाष्ठा नै अनुभव गर्न पाएका छन् । उनीहरुले माटोसँग मुसहरहरु औपचारिक सम्बन्धबाट अलग हुनु परेका र आत्मसम्मान गुमाएका कथा भने सुनेका छन्, भोग्ने आफन्तहरुका शरीर र माटोबीचको सम्बन्धलाई दैनिक रुपमा देखका छन् ।

त्यसैले पनि युवा मुसहरहरुमध्येका २६ वर्षका अयोधी सदा र २५ वर्षीय कारिचन सदा भन्दछन्,- ' खाना नपाए ३ दिन भोकभोकै बस्न तयार छौं, तर खेतीवालाको खेतबारीका कृषि ज्यालादारीमा काम गर्न जान्नौ । कुनै बेला माटोको काम मुख्यगरी हरुवा चरुवा प्रकारको कृषि-श्रम हाम्रो समुदायको शोषण र आत्मसम्मान गिराउने काम गरेकाले नै आज मुसहर भनेकै हरुवा, चरुवा; मुसहर भनेकै गरिबीको मानक; मुसहर भनेकै अन्तिम तहको हेपाइ भोग्न तयार समुदायको परिचय बनेको छ । त्यसमा अयोधी सदा थप्छन्, नेपालमा मुसहर जत्तिकै आर्थिकरुपले गरिबमा अन्य समुदाय पनि छन् । तर मुसहर समुदायलाई राज्य, सङ्घसंस्था, राजनीतिक कार्यकर्ताहरुद्वारा निकै नो स्वार्थको लागि देखाउने वा राजनीति गर्नेगरिब र माटोविहीन भनेर मात्र आ वस्तुका रुपमा प्रयोग गरियो ।

तर मुसहर समुदायको फरक आर्थिक सामाजिक मूल्य, सामूहिक स्वामित्व, कामको कला-संस्कृतिजस्ता समुदायको परिचय बनेको छ । त्यसमा अयोधी सदा थप्छन्, नेपालमा मुसहर जत्तिकै आर्थिकरुपले गरिबमा अन्य समुदाय पनि छन् । तर मुसहर समुदायलाई राज्य, सङ्घसंस्था, राजनीतिक कार्यकर्ताहरुद्वारा निकै नो स्वार्थको लागि देखाउने वा राजनीति गर्ने गरिब र माटोविहीन भनेर मात्र आ वस्तुका रुपमा प्रयोग गरियो । तर मुसहर समुदायको फरक आर्थिक सामाजिक मूल्य, सामूहिक स्वामित्व, कामको कला-संस्कृतिजस्ता सबल र सह-अस्तिङ्खवका मूल्यलाई सम्मान गर्ने, प्रचार प्रसार गर्ने, जगेर्ना गर्ने र आत्मसम्मान उठाउने काम कसैबाट भएको छैन ।

मुसहर समुदायका युवाहरु निर्माण क्षेत्र, यातायात क्षेत्र, गैर-कृषि मजदुरी र वैदेशिक रोजगार, मुख्यतः भारतमा रोजगारको क्षेत्रमा काम गर्न रुचाउँछन् । अचेल उनीहरुले दैनिक कृषि ज्यालादारी श्रम गर्न छाडेका छन् । बरु कुनै काम ठेक्का लिएर आफूलाई उपयुक्त लाग्ने समयमा समूहमा काम गर्न थालेका छन् । यसरी श्रम क्षेत्रमा आएको परिवर्तनले समाजका धेरैखाले सम्बन्धमा परिवर्तन आएको देखिन्छ । मेरो अध्ययनको क्रममा मुसहर समुदायमा आएको परिवर्तनबारे जमदहको स्कुलद्वार छेउको वरपिपल गाछीको शितलमा त्यहीका छिमेकी वीरबहादुर लामाले भने, यस जमदह मुसहरनियाका बुढापाका सबै मुसहरलाई चिन्दछु, तर युवाहरुलाई चिन्दिन ।

यिनीहरुलाई नचिन्नुको कारण युवा पुस्तासँग सम्बन्ध, बोलचाल, ऋणधन, श्रमधन वा अन्य प्रकारका अनौपचारिक विनिमय नै छैन । उनीहरुका श्रमका क्षेत्र पनि फरक छन्, मूल्य-मान्यता फरक छन्, देश-विदेश घुम्दछन् । हाम्रो घरखेतमा आउँदैनन् । त्यसैले सम्बन्धहरु केवल औपचारिक मात्र छन् । तर अलि बढी उमेरका, ४० वर्षभन्दा माथि उमेरकासँग भने काम नगर्नुमा दुई पक्ष छन् । पहिलो पक्ष, मुसहर समुदायसँगै आफ्नो जमिन छैन । उनीहरु या त सार्वजनिक, या त पुरानो जमिन्दारको जिरायत, खेती नभएकाले कृषिजन्य माटोमा ब्लकजस्ता जमिनमा बसेका छन् । आफ्नो काम गर्नुपर्ने बाध्यता छैन । ज्यालामा काम गर्ने क्षेत्रहरु विस्तार भएका छन् । निर्माणको क्षेत्र निकै विस्तार भएकोले ठेक्कामा काम पाउने अवस्था छ । त्यससँगै ऋणधन गरेर पनि वैदेशिक रोजगारमा जान सक्ने अवस्था छ । दोस्रो पक्ष भनेको माटोमा वा कृषि पेसामा ज्यालामा काम गर्दा आत्मसम्मान गुम्ने र हरुवाको छायाँ (दाग) ले तर्साउने अवस्था छ ।

**जमिन्दारसँग लडेको क्षण**

कृषि मजदुरहरुले मालिकको अनुहारमा जमिन्दारको रुप देख्दछन् । आफ्नो पुर्खा दिना-भद्रीले जमिन्दारसँगै लडेर क्षणिक भए पनि पाएको स्वतन्त्रता सम्झन्छन् । परापूर्वकालदेखि उपभोग गरेको प्राकृतिक स्रोतबाट जमिन्दारी प्रणालीले आफूहरुलाई अलग गरेको, शोषण गरेको, दास बनाएको र आत्मसम्मान खोसेको सम्झेर उनीहरुमा कृषि ज्यालादारीमा काम गर्ने पटक्कै जाँगर र इच्छा देखिदैन । मुसहर युवाहरुमा माटो देखेर जाँगर र इच्छा नआएको भने होइन, तर जसरी राज्यसत्ताले माटालाई निजी वस्तुको रुपमा स्वामित्वकरण गर्‍यो, बजारीकरण गर्‍यो, त्यस प्रक्रियासँग मुसहर समदायको असन्तुष्टि छ । राज्यसत्ताले अँगीकार गरेको संस्कृति मुख्यतः माटो, वन, जलजस्ता प्राकृतिक स्रोतलाई बलशाली व्यक्तिको निजी स्वामित्वमा लैजाने प्रक्रियाप्रति उनीहरुमा असहमति छ । फरक दृष्टि र सामूहिक चेत भएका समुदायलाई स्रोतको बाँडफाँडबाट अलग गरी निर्माण गरिएको संस्कृतिसँग तुलना गरी हीनताबोध सिर्जना गर्ने शब्दावली प्रयोग गरिएकोमा पनि उनीहरुको आपत्ति छ । यसै प्रसङ्गमा ५० वर्ष मुसहर समुदायको पक्षमा पैरवी गर्ने अभियन्ता रामनारायण सदाको भनाइ छ, माटोलाई निजीकरण, व्यक्तिकरण गर्ने प्रक्रिया चलाएर माटोबाट मुसहर समुदायलाई अलग बनाउने अनि भूमिमाथि उनीहरुको स्वामित्व नै छैन भन्ने भाष्य प्रयोग गरिएको छ ।



सबल र सह-अस्तिङ्खवका मूल्यलाई सम्मान गर्ने, प्रचार प्रसार गर्ने, जगेर्ना गर्ने र आत्मसम्मान उठाउने काम कसैबाट भएको छैन । २०७६ जेठमा माटोको सम्बन्धमा गरिएको छलफलमा उनी प्रश्न गर्छन्, "के मुसहर समुदायका सम्पूर्ण संस्कृति, मूल्य-प्रणाली र दृष्टिकोण असभ्य छन् ? के मुसहरसँग भएको माटोको ज्ञान, प्राकृतिक स्रोतको ज्ञान, सामूहिक संस्कृति सभ्य समाजको मानक बन्न सक्दैनन् ? के फरक दृष्टिकोण भएका सबै समुदाय असभ्य हुन् ।

गरिबीको मानक मुसहर

कुनै बेला माटोको काम मुख्यगरी हरुवा चरुवा प्रकारको कृषि-श्रम हाम्रो समुदायको शोषण र आत्मसम्मान गिराउने काम गरेकाले नै आज मुसहर भनेकै हरुवा, चरुवा; मुसहर भनेकै गरिबीको मानक; मुसहर भनेकै अन्तिम तहको हेपाइ भोग्न तयार अनौपचारिक विनिमय हुन्छ, मनपेट मिल्छ, कुराकानी हुन्छ, प्रायःजसोले हरुवा चरुवा भएर काम गरेको अनुभव भएकाले अलि सोचेर बोल्छन् । यसरी माटो र मुसहरबीचको सम्बन्धमा विभिन्न खाले उतारचढाव आएसँगै मुसहर समुदाय र अन्य समुदायबीचका सम्बन्धमा परिवर्तन देखिदैछन् । वीरबहादुर लामाका कुरा सुनिरहँदा जोगिन्दर साह त्यही शितलमा आए । उनले थपे, "अब मुसहरले कृषिज्यालामा श्रम गर्दैनन् र उनीहरुको भरमा खेती गरौंला भनेर नसोचे हुन्छ मधेशमा ।" किन यस्तो परवर्तन आएको होला भन्ने जिज्ञासामा उनले जवाफ दिए, "पाका मुसहर सकिन थाले, युवाले माटो छुदैनन्, नगद कमाइ गैर-कृषि ठेक्कापट्टामा छ । त्यो नभए वैदेशिक रोजगार, त्यो पनि नभए भारत छदैछ । यहाँ खेतबारीमा काम गर्दैनन् ।"

मुसहर युवाहरुले माटोसँग जोडिएको खेतीपातीको

र, मुसहरहरुलाई गैर-नेपाली, भारतीय र बिहारी नामकरण गर्दै राज्यका सेवासुविधाबाट पनि वञ्चित गरिदै आएको छ । नागरिकताको अधिकारबाट वञ्चित बनाइनु, शिक्षा-स्वास्थ्यजस्ता आधारभूत सेवाबाट वञ्चित भएको अवस्थालाई गैर-नेपालीको भाष्यले ढाकछोप गर्नु प्राकृतिक न्यायको पनि विपरीत छ ।

*(स्रोतःमधेश अध्ययन (वर्ष-७, अंक ७) मा डा.मधु गिरीले लेख्नु भएको लेखलाई सम्पादन गरी केही अंश सभार गरिएको हो)*

## समाचार

# ओलीकै पथमा प्रधानमन्त्री...

संयोजक नियुक्त गरेको छु तपाईहरुलाई केको हतार ? विस्तारै गरौला नि ।' गठबन्धन बनेदेखि नै प्रधानमन्त्री देउवाले एकलौटी गर्न थाल्नु भएको आरोप लागेको छ । गठबन्धनमा सल्लाह नै नगरिकन पार्टी विभाजन सम्बन्धी ऐन संशोधन गर्न अध्यादेश ल्याउनु भएको थियो । त्यसमा पनि जसपाका अध्यक्ष उपेन्द्र यादवले विरोध जनाउनु भएको थियो । सो अध्यादेशको विरोध गर्दै धेरै दिनसम्म आफ्नो पार्टीबाट मन्त्री नै पठाउनु भएन । उहाँकै कारण मन्त्रीपरिषद्मा विस्तारमा ढिलाई पनि भएको थियो । जसपाका अध्यक्ष उपेन्द्र यादवले खुलेर विरोध गरेपनि त्यसमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल मौन बस्नु भएको थियो । मौन बस्नुको कारण थियो, अध्यक्ष प्रचण्डलाई ओली नेतृत्वको एमाले फुटाउनु थियो । अध्यक्ष नेपाललाई पनि ओलीको साथ छाड्नु थियो । त्यही भएर उहाँहरु चुपचाप बस्नु भएको थियो । तर उपेन्द्र यादवको आफैले नेतृत्व गरेको पार्टी फुटिरहेको थियो । त्यही भएर त्यसको विरोध उहाँले गर्नुभएको थियो । अध्यक्ष यादवले जति विरोध गरेपनि त्यो अध्यादेश फिर्ता भएन । त्यति मात्र होइन, असोज ६ गते प्रधानमन्त्री देउवाले अचानक आफ्नो पार्टीबाट नारायण खड्का लागि परराष्ट्र मन्त्रीमा नियुक्त गर्नुभयो । यो कुराको जानकारी सत्तागठबन्धनका अन्य दलका नेताहरुलाई थिएन । राष्ट्रसभामा भाग लिनका लागि अमेरिका जानुपर्छ भन्दै प्रधानमन्त्री देउवाले हतार हतारमा मन्त्रीमा खड्कालाई नियुक्त गर्नुभयो । असोज ६ गते परराष्ट्रमन्त्रीमा सपथ लिनुभएका खड्का त्यही दिन संयुक्त राष्ट्र संघको सभामा भाग लिनका अमेरिका जानुभयो । सत्तागठबन्धनका दलले यसको विरोध गर्दा प्रधामन्त्री देउवाले सभामा भाग लिनका लागि परराष्ट्र मन्त्री नै पठाउनुपर्ने भएकाले हतार हतारमा नियुक्त गरेको प्रतिकृया दिनुभएको थियो । दलहरुको बीचमा सहमति खोजन थालेपछि ढिलो हुने देखिएर यस्तो गरेको जवाफ उहाँले दिनुभएको थियो ।

यो नियुक्तिको काँग्रसमा पनि विरोध भयो । रामचन्द्र पौडेल पक्षका नेताहरुले यसको विरोध गर्नुभएको थियो तर सबैलाई त्यही जवाफ दिएर टार्दै जानुभयो । कात्तिक ११ गते बसेको मन्त्रिपरिषद् बैठकले भारतका लागि नेपाली राजदूतमा डा शंकर शर्मा, बेलायतका लागि ज्ञानचन्द्र आचार्य र अमेरिकाका लागि प्राध्यापक श्रीधर खत्रीलाई नियुक्तिको लागि सिफारिस गर्ने निर्णय गरेको थियो । उहाँहरु राजदूतमा त्यही दिन नियुक्त पनि हुनुभयो । यो राजदूत नियुक्तिमा पनि प्रधानमन्त्री देउवालाई कसैसँग सल्लाह गर्नुभएन । उहाँले आफ्ना निकट व्यक्तिहरुलाई राजदूत बनाउनु भयो । त्यसको बारेमा काँग्रेस पार्टीमा पनि विरोध भयो ।

जब कि यस्ता नियुक्तिहरु गर्दा गठबन्धनमा छलफल गरी आपसी सहमतिबाट गर्ने निर्णय पनि भएको छ तर प्रधानमन्त्री देउवाले ती सबैलाई लत्याउँदै आफ्नो तरिकाले नियुक्तिहरु गरिरहनु भएको आरोप दलका नेताहरुको छ । राजदूत नियुक्त गर्दा पनि उहाँले आफू बेलायत जान लागेको त्यहाँ राजदूत छैन अनि कसरी जाने भनेर नै राजदूतहरु नियुक्त गरेको प्रतिकृया गठबन्धनका नेताहरुलाई दिनुभयो । कात्तिक १२ गतेदेखि २६ गतेसम्म चल्न जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-२६) मा भाग लिनका लागि प्रधानमन्त्री देउवा कात्तिक १२ गते बेलायत प्रस्थान गर्नुभयो । उहाँ बेलायत जानुभन्दा एकदिन अगाडि अर्थात कात्तिक ११ गते सो नियुक्ति गर्नुभयो । र सबैले यही जवाफ दिनुहुन्छ कि प्रधानमन्त्री जाने देशमा आफ्नो राजदूत नहुनु लज्जाको विषय हुन्छ, त्यही भएर आफूले हतार हतारमा नियुक्त गरेको हुँ ।' राजदूत नियुक्तिको विषयमा गठबन्धनमा छलफल गरेको भए धेरै समय लाग्थ्यो । त्यही भएर त्यहाँ छलफल नगराईकन इमर्जेन्सी नियुक्त गरेको उहाँले भन्दै आउनु भएको छ । मन्त्रीपरिषद् विस्तार गर्न दुई महिनाभन्दा बढी समय लाग्यो भने यो राजनीतिक नियुक्तिमा त झन समस्या देखिने भएकाले आफूले हतार हतारमा नियुक्त गरेको उहाँले दावी गर्दै आउनु भएको छ । अरु राजदूतहरु पनि नियुक्त गर्न बाँकी छन् त्यसमा सल्लाह गरेर नै गर्ने भनि आश्वासन पनि उहाँले दिनुभएको छ । तर उहाँले बाँकी राजदूतमा पनि नसोध्ने सोचमा बनाउनु भएको उहाँ निकट स्रोतहरुको दावी छ ।

यस्ता यस्ता गतिविधिले गठबन्धनमा असन्तुष्टि हुने निश्चित छ । स्रोतका अनुसार अध्यक्ष प्रचण्ड र अर्का अध्यक्ष नेपालले पनि प्रधानमन्त्री देउवालाई पटक पटक सचेत गराउँदै आइरहनु भएको छ । उहाँहरु यो कुरा बाहिर बोल्नु भएको छैन । तर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले आफ्नो धारणा औपचारिक रुपमै राख्नु भएको छ । जसपा नेपालका एक मन्त्रीले भन्नुभयो, यस्तै अवस्था रहि रहने भने ओली जस्तै देउवाको पनि दिन गिन्ती सुरु हुन्छ किनभने देउवा पनि ओलीकै पथमा हिड्न थाल्नुभएको छ ।'

















# थारु सङ्ग्राहलयको स्थापना



आदिवासी थारू समुदायको परम्परागत संस्कृति र पहिचान संरक्षण गर्न नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा थारू सङ्ग्रहालय स्थापना गरिएको छ । जिल्लाको सरावल गाउँपालिका-१ तुलसीनगर स्थित पूर्वपश्चिम राजमार्ग नजिकै जिल्लामै पहिलो थारू सङ्ग्रहालय स्थापना गरिएको हो । सङ्ग्रहालयका लागि रु ७० लाखको लागतमा भवन निर्माण गरिएको छ । सरावल गाउँपालिका, पूर्वमन्त्री गोपाल दहितको सांसद विकास कोष, साविक जिविसको सहयोग तथा श्रमदानबाट थारू मिलन केन्द्र तथा सङ्ग्रहालय भवनको निर्माण गरिएको थारू कल्याणकारिणी सभाका जिल्ला अध्यक्ष मुन्द्रिका चौधरीले राससलाई जानकारी दिनुभयो ।

“यो जिल्लाकै पहिलो थारू सङ्ग्रहालय हो, यहाँ हाम्रो लोप हुन लागेको परम्परागत वेषभूषा, रीतिरिवाज, रहनसहन, संस्कृति, पहिचान झल्किने सामग्री राखिनेछ, यसबाट थारू समुदायको संस्कृति संरक्षण हुने र पर्यटक पनि आकर्षित हुने अपेक्षा गरिएको छ”, उहाँले भन्नुभयो । सङ्ग्रहालयमा एक महिनाभित्र थारू संस्कृति झल्काउने सामग्री हलो, जाँतो, कुटो, कोदालो, ढिकी, खल, जाल, परम्परागत थारू पहिरनलगायत अवलोकन गर्न सकिने अध्यक्ष चौधरीले बताउनुभयो । थारू भाषामा प्रकाशित पुस्तक पनि सङ्ग्रहालयमा राखिएको छ । सङ्ग्रहालय भवनको उद्घाटन गर्दै पूर्वमन्त्री दहितले थारू समुदायको पहिचान र ऐतिहासिकता संरक्षणमा सङ्ग्रहालयले टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले थारू संस्कृति संरक्षण गर्न नयाँ पुस्तालाई परम्परागत लोक संस्कृति, रीतिरिवाज, पहिरन तथा सामग्रीबारेमा अध्ययन अवलोकन गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

गाउँपालिकाका अध्यक्ष राधेश्याम चौधरीले विसं २०६६ बाट सुरुआत गरी थोरै-थोरै रकम जुटाएर अहिले सङ्ग्रहालय स्थापना गर्न सफल भएको बताउनुभयो । उहाँले गाउँपालिकाले सुरुदेखि नै बजेट सहयोग गर्दै आएको र यस वर्ष पनि सङ्ग्रहालय व्यवस्थापन तथा सञ्चालनका लागि रु पाँच लाख विनियोजन गरेको जानकारी दिनुभयो ।

सङ्ग्रहालयमा राखिने थारू सामग्रीको अध्ययन अवलोकनबाट लोप हुने अवस्थामा पुगेको थारू संस्कृतिको ज्ञान हुने, जीवनशैली बुझ्न सजिलो हुनाका साथै पर्यटकीय केन्द्रका रूपमा पनि यो स्थल विकास हुने उहाँले बताउनुभयो । थारू जातिको बाहुल्यता रहेको स्थल सरावलमा थारू सङ्ग्रहालय हुनु गौरवको विषय भएको जनाउँदै उहाँले पूर्वपश्चिम राजमार्ग नजिकै रहेकाले आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बन्ने विश्वास व्यक्त गर्नुभयो ।

# उचाईको छायाङ्कन सम्पन्न



बलिउड चलचित्र ‘उचाई’को नेपालमा छायाङ्कन सकिएको छ । नेपालमा २५ दिन यसको छायाङ्कन गरिएको थियो । दुई दिन काठमाडौं र बाँकी समय हिमाली जिल्लामा छायाङ्कन यो चलचित्र २८ अक्टोबरमा नेपालको कार्यतालिका पूरा गरेको हो । खोटाङको नाम्चेदेखि मनाङको विभिन्न ठाउँमा छायाङ्कन गरिएको यस चलचित्रको शुक्रबार पहिलो तालिका अन्तर्गतको छायाङ्कन सकिएको र दोस्रोका लागि भारतका विभिन्न स्थानमा छायाङ्कन हुने राजश्री प्रोडक्सनले जनाएको छ ।

सुरज वाडजात्याद्वारा निर्देशित चलचित्रमा अनुपम खेर, वमन इरानी, निना गुप्ता, सारिका हसन, परिणिती चोपडालगायत कलाकार सहभागी थिए । चलचित्रमा अमिताभ बच्चन भए पनि स्वास्थ्यका कारण उहाँ नेपाल आउन नसकेपछि उहाँको बडी डबललाई राखेर छायाङ्कन गरिएको थियो । चलचित्र निर्माण टोलीका केही सदस्य अहिले पनि मनाङमै छन् भने केही काठमाडौं फर्किसकेका छन् । चलचित्रको मुख्य टोली शनिबार एयर इण्डियाको विमानमार्फत भारत फर्किएका छन् ।

# सुजिता बस्नेत बन्नुभयो मिस युनिभर्स नेपाल



‘मिस युनिभर्स नेपाल २०२१’ को ताज सुजिता बस्नेतले पहिरिन सफल बन्नुभएको छ । पन्ध्र प्रतियोगीलाई पछि पर्दै उहाँले उपाधि चुम्नुभएको हो । विजेताले १० लाख नगदसहित हिराजडित ताज लगाउन सफल हुनुभएको छ । उहाँलाई गत वर्षकी मिस युनिभर्स नेपाल विजेता अंशिका शर्माले ताज पहिऱ्याउनुभएको थियो । असोज १३ गते साँझ आयोजित ग्राण्ड फिनालेमा उत्कृष्ट १६ बाट १० र ५ मा छनोट हुँदै अन्त्यमा विजेता घोषणा गरिएको हो ।

उमङ्ग क्रियशनको आयोजना र प्रशोधन कम्पनी ओरिफ्लेम मुख्य प्रयोजक रहेको कार्यक्रमका विजेताले आगामी १२ डिसेम्बरमा इजरायलमा आयोजना हुने ‘ मिस युनिभर्स’ मा विजेताले नेपालको प्रतिनिधित्व गर्नु हुनेछ । कार्यक्रममा विभिन्न उपशीर्षकमा समेत विजेता छानिएको थियो । प्रतियोगीका निर्णायकमा गायिका इन्दिरा जोशी, मानषी अग्रवाल, सरिता ज्ञवालीलगायत रहनुभएको थियो ।

गत वर्ष ‘मिस युनिर्भस’मा नेपालको प्रतिनिधित्व ‘ मिस युनिभर्स नेपाल २०२०’ की विजेता अंशिका शर्माले गर्नुभएको थियो । कार्यक्रममा डा केशु खड्का फोर्थ रनरअप, प्रतिक्षा महरा क्षेत्री थर्ड रनरअप, रक्षा उप्रेती सेकेन्ड रनरअप, नीनाकान्ता मण्डल फस्ट रनरअप घोषित हुनुभयो ।

## चेरी टिग्गो ४ प्रो एसयूभी बजारमा




काठमाडौं। शारदा ग्रुप अन्तर्गतको कम्पनी एसपीजी अटोमोबाइल्स प्रालि नेपालमा चेरी अटोमोबाइल्स कम्पनी लिमिटेडको आधिकारिक वितरकको रूपमा नियुक्त भएको छ। एसपीजी अटोमोबाइल्स्ले नेपाली बजारमा चेरी टिग्गो ४ प्रो एसयूभी लन्च गरेको हो।

एसपीजी अटोमोबाइल्सका अनुसार चेरी टिग्गो ४ प्रो एसयूभी तीन भेरियन्टमा उपलब्ध छ। जसमा एउटा १.५ लिटर नेच्युरल्ली एस्पिरेटेड म्यानुअल ट्रान्समिसन रहेको छ। यसको मूल्य ४६ लाख २० हजार रूपैयाँ रहेको छ। अर्को १.५ लिटर नेच्युरल्ली एस्पिरेटेड सिभिटि छ। जसको मूल्य ५२ लाख ५० हजार रूपैयाँ छ। अर्को १.५ लिटर टर्बो चार्ज्ड ९ स्पिड गिएर बक्स सीभीटी इन्जिन छ। यसको मूल्य ५८ लाख ४० हजार रूपैयाँ छ। नेच्युरल्ली एस्पिरेटेड इन्जिनले अधिकतम पावर ८५ किलोवाट (११५ पीएस) र १३८ एनएमको अधिकतम टर्क उत्पादन गर्दछ। त्यस्तै, १.५ लिटर टर्बो चार्जड सीभीटी इन्जिनले अधिकतम पावर ११५ किलो वाट (१४७ पीएस) तथा अधिकतम पावर २१० एनएमको अधिकतम टर्क उत्पादन गर्छ। टिग्गो ४ प्रो को प्रमाणित माइलेज १४.७ किलोमिटर प्रतिलिटर रहेको छ। चेरी अटोमोबाइल कम्पनी लिमिटेडको स्थापना १९९७ मा भएको हो। यो चीनमा अवस्थित ग्लोबलाइज अटोमोबाइल ब्रान्ड हो। विगत २० वर्षमा, चेरीले पाँचवटा विश्वव्यापी अनुसन्धान र विकास आधार मार्फत ५ हजार ५ सयभन्दा बढी व्यक्तिहरूको अनुसन्धान र विकास टोली स्थापना गरिसकेको जनाएको छ।

## रावा बैंकद्वारा १३ कम्पनीलाई अनुदान रकम हस्तान्तरण



काठमाडौं। राष्ट्रिय वाणिज्य (रावा) बैंकद्वारा जर्मन सरकारबाट केएफडब्लू बैंकमार्फत प्राप्त अनुदान सहयोगमा संचालित इनर्जी प्रोग्राम नेपालको अनुदान सहयोग कार्यक्रम अर्न्तगत ६ करोड ५० लाख रूपैयाँ रकम हस्तान्तरण गरेको छ। बैंकले एसियन थाई फुड्स, जस्मिन हाइजिन प्रोडक्ट्स, ताजा फुड्सलाई १/१ करोड रूपैयाँ, नेपाल वायर्स एन्ड केवल लाई ६४ लाख ८४ हजार रूपैयाँ दिएको हो।

यसैगरी, पञ्चकन्या स्टिल इन्डस्ट्रिजलाई ६३ लाख ९१ हजार रूपैयाँ, पञ्चकन्या मेटल इन्जिनियरिङलाई ४४ लाख १९ हजार रूपैयाँ, एसआर स्टिल इन्डस्ट्रिजलाई ४३ लाख २१ हजार रूपैयाँ, क्युमेड फर्मुलेसनलाई ३१ लाख ६१ हजार रूपैयाँ, इलाम टी प्रोड्युसरलाई २ ९ लाख ६९ हजार रूपैयाँ प्रदान गरेको छ। ओहम फर्मम्युट्रिकल्स ल्याब्रोट्रिजलाई २४ लाख ९४ हजार रूपैयाँ, पञ्चकन्या प्लास्टिक इन्डस्ट्रिजलाई २२ लाख ५८ हजार रूपैयाँ, हिमालयन नेचुरललाई १७ लाख ४० हजार रूपैयाँ र विजयदीप ल्याब्रोट्रिजलाई ८ लाख ४५ हजार रूपैयाँ रकम हस्तान्तरण गरेको छ। मितव्ययी तथा प्रभावकारी ऊर्जा बचत हुनेगरी कम्पनीहरूले यन्त्र उपकरण जडान गरेको हुँदा स्वीकृत अनुदान कार्यविधिअनुसार अनुदान सहयोग सम्झौता आदानप्रदान तथा अनुदान रकमको चेक एक समारोहका बीच हस्तान्तरण गरिएको हो।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलेले चेक रकम हस्तान्तरण गर्दै यो अनुदान रकमले व्यवसायको अन्य पक्षको पनि सुधार हुने बताउँदै हालसम्म ३० वटाभन्दा बढी उद्योगलाई १६ करोड ३५ लाख रूपैयाँभन्दा बढी अनुदान रकम हस्तान्तरण गरिसकेको बताए। नेपाल सरकार र जर्मन सरकार बीच सन् २०१३ मा नेपालको औद्योगिक तथा व्यापारिक क्षेत्रमा मितव्ययी तथा प्रभावकारी ऊर्जा बचत गर्ने सम्झौताबमोजिम राष्ट्रिय वाणिज्य बैंकले इनर्जी इफिसियन्सी प्रोग्राम नेपाल आयोजना कार्यान्वयनका लागि प्रोजेक्ट एक्ज्युकिटिङ एजेन्सीको रूपमा सहायतासम्बन्धी कार्य गर्ने गरेको छ।

आयोजनाअन्तर्गत नेपालमा सञ्चालित ठूला, साना तथा मझौला उद्योग र फर्महरूलाई मितव्ययी तथा प्रभावकारी ऊर्जा बचत हुनेगरी यन्त्र उपकरण जडान गर्दा जर्मन सहायताबाट प्राप्त हुने रकमबाट लागतको १५ देखि ३९ प्रतिशतसम्म अनुदान रकम राष्ट्रिय वाणिज्य बैंकमार्फत उपलब्ध गराइनेछ। यस आयोजना अन्तर्गत कुनै एक इकाइले मितव्ययी तथा प्रभावकारी ऊर्जा बचत हुनेगरी यन्त्र उपकरणमा लगानी गरेमा स्वीकृत अनुदान कार्यविधिभित्र रही अधिकतम १ करोड रूपैयाँसम्मको अनुदान रकमको सीमा कायम गरिएको छ।

## ग्लोबल आईएमई बैंकद्वारा १० थान एलइडी टिभी हस्तान्तरण




काठमाडौं। ग्लोबल आईएमई बैंक लिमिटेडले बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत महानगरीय प्रहरी परिसर ललितपुरको नवनिर्मित स्मार्ट कन्ट्रोल रुमका लागि १० थान ४३ इन्चको एलइडी टेलिभिजन सेट प्रदान गरेको छ। महानगरीय प्रहरी परिसर ललितपुर, जावलाखेलमा आयोजित एक कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले महानगरीय ट्राफिक प्रहरी परिसरका वरिष्ठ प्रहरी उपरिक्षक किरण बज्राचार्यलाई १० थान टेलिभिजन सेटहरू हस्तान्तरण गरेको हो।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले महानगरीय ट्राफिक प्रहरी परिसरलाई स्मार्ट कन्ट्रोल रूपका लागि टेलिभिजन सेट सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्दै बैंकले उपलब्ध गराएको टेलिभिजन सेटले सेवाग्राहीहरूलाई थप प्रभावकारी रूपमा सेवा उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा राखेका थिए।

यसैगरी, महानगरीय ट्राफिक परिसर ललितपुरका वरिष्ठ प्रहरी उपरिक्षक बज्राचार्यले बैंकको तर्फबाट प्राप्त यो सहयोगले महानगरीय प्रहरी परिसरलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै यसका निम्ति बैंकलाई धन्यवाद ज्ञापन गरे। ग्लोबल आईएमई बैंक लिमिटेडले स्थापनाकाल देखि नै सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरूमा सहयोग गर्दै आएको छ।

## सुजुकी स्कुटर एक्सचेञ्ज मेला सुरू




काठमाडौं। सुजुकी इन्डियाद्वारा उत्पादित विश्व प्रसिद्ध जापानिज ब्रान्डको मोटरसाईकल र स्कुटर नेपालका लागि आधिकारिक बिक्रेता भिजी अटोमोवाइल्स प्रालिले आफ्ना ग्राहकको मागलाई मध्यनजर गर्दै कात्तिक १२ देखि १७ सम्म मुलुकभरका आफ्ना सबै आधिकारिक सोरुममा सुजुकी स्कुटर एक्सचेन्ज सुरु गरेको छ।

यस योजनाअन्तर्गत कुनै पनि ब्राण्डका मोटरसाइकल वा स्कुटर एक्सचेन्ज गरी सुजुकीको नयाँ बुर्गमान र एक्सेस स्कुटर खरिद गर्न सकिनेछ। कुनै पनि मोटरसाईकल वा स्कुटरलाई एक्सचेन्ज गर्दा बजार मुल्य भन्दा थप १५ हजार रुपैयाँ प्रदान गरिने साथै नयाँ खरिदमा आकर्षक छुटको व्यवस्था रहेको कम्पनीले जनाएको छ।

पछिल्लो समय युवा पुस्तामा अति लोकप्रिय भएको सुजुकीका बुर्गमान र एक्सेस स्कुटर बीएस सिक्स मोडलमा आएका छन्। राम्रो माइलेज तथा आकर्षक डिजाइनमा आएका स्कुटरहरू ग्राहकको रोजाइमा परेका छन्। ५ वर्षको वारेन्टी रहेको यी स्कुटरहरूको खरिदमा फाइनान्सको सुविधा रहेको कम्पनीले जनाएको छ।

## सनराइज क्यापिटलको लाभांश पारित

सन्राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
Subsidiary of SUNRISE BANK LIMITED

काठमाडौं। सन्राइज क्यापिटल लिमिटेडको एघारौं वार्षिक साधारण सभा कम्पनीको कार्यालय स्थित कमलपोखरी, काठमाडौंमा सम्पन्न भएको छ। उक्त वार्षिक साधारण सभाले सामान्य प्रस्ताव अन्तर्गत आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्नुका साथै, २०७८ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण उपर छलफल गरी पारित गरेको छ।

साथै सभाले सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम चुक्ता पुँजीको ४० प्रतिशत (करसहित) का दरले हुन आउने ८ करोड रुपैया नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ। नेपालको प्रथम मर्चेन्ट बैंकका रूपमा स्थापना भएको सो कम्पनीले हाल सेयर रजिस्ट्रार, सेयर अन्डरराइटिङ, म्युचुअल फन्ड व्यवस्थापन, लगानी व्यवस्थापन तथा कर्पोरेट एडभाइजरीको कार्यसमेत सक्रिय रूपमा सञ्चालन गर्दै आम लगानी कर्ताहरूलाई सुदृढ तथा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।

क्यापिटलले हाल सनराइज म्युचुअल फन्डअन्तर्गत सनराइज फर्स्ट म्युचुअल फन्ड तथा सनराइज ब्लुचिप फन्ड योजनाहरू सञ्चालन गर्दै आईरहेको छ। सनराइज फर्स्ट म्युचुअल फन्ड योजनाले आव २०७७/७८ को नाफाबाट इकाइ धनीलाई ५० प्रतिशत प्रतिफल वितरण गरिसकेको छ। निकट भविष्यमा कम्पनीले सनराइज फोकस्ड इक्विटी फन्ड नामको तेस्रो सामूहिक लगानी कोष योजना सञ्चालन गर्ने प्रक्रियामा रहेको छ। सो संस्थाले आगामी वर्षमा मर्चेन्ट बैकिङसम्बन्धी सम्पूर्ण सेवाहरू सर्वसुलभ तथा गुणस्तरीय ढंगले प्रदान गर्ने मुख्य उद्देश्यलाई रणनीतिक रूपमा अगाडि बढाउँदै लग्नेछ।

## वातावरण मैत्री सेनिटरी प्याड



काठमाडौ। नेपाल सिआरएस कम्पनीले पहिलो पटक डडेल्धुरामा 'फ्रीडम' ब्रान्ड नामबाट वातावरण मैत्री सेनिटरी प्याडको शुभारम्भ गरेको छ। डडेल्धुराको अमरगढी नगरपालिका-७ पोखरामा रहेको उग्रतारा माविमा एक कार्यक्रमका बीच सेनिटरी प्याडको शुभारम्भ गरिएको हो।

अमरगढी नगरपालिकाका नगरप्रमुख विशेश्वरप्रसाद ओझा, जर्मन दूतावासका उपप्रमुख साइमन हेन्केले, केएफडब्लुका प्रमुख शंकरराज पाण्डेय, मिस नेपाल वर्ल्ड २०१५ इभाना मानन्धर लगायतले विद्यालयका छात्राहरूलाई एक साथ प्याड हस्तान्तरण गर्दै शुभारम्भ गरेका हुन्। ग्रामिण क्षेत्रमा मातृ तथा बाल शिशु स्याहार सुधार आईसिएमसिसिआर कार्यक्रम अन्तरर्गत महिला तथा किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापन र सुधारका लागि वातावरण मैत्री सेनिटरी प्याडको शुभारम्भ गरिएको पनि विज्ञप्तिमा उल्लेख छ।

## एन आई सी एशिया बैंकको स्वतन्त्र संचालकमा स्वार




काठमाडौ। एनआइसी एशिया बैंकको स्वतन्त्र संचालमा विभिन्न बैंक तथा वित्तीय क्षेत्रमा ३० वर्ष भन्दा बढि अवधीको कार्यअनुभव संगालेकी श्रीमती बिजया स्वार नियुक्त भएकी छिन। बैंकको सञ्चालक समितिको बैंठकले उनलाई सो पदमा नियुक्ती गरेको हो।

नवनियुक्त सञ्चालक स्वारले बैंक सञ्चालक समितिका अध्यक्ष तुलसी राम अग्रवालबाट पद तथा गोपनियताको सपथ ग्रहण लिएकी हुन। फिलिपिन्सको एशियन इन्स्टिच्युट अफ म्यानेजमेन्टबाट स्नातकोत्तर अध्ययन गरेकी उनी कृषि विकास बैंकमा सन् १९८६ मा शाखा अधिकृतबाट बैंकिग सेवा सुरु गरी सन् २०१६ मा नायब महाप्रबन्धक पदबाट अवकाश भएकी थिइन। बैंकको स्वतन्त्र सञ्चालकको रुपमा नियुक्त भएकी स्वारलाई उनको सफल कार्यकालको कामना बैकले गरेको पनि विज्ञप्तिमा उल्लेख छ।

## टेलिकम र इभोलुसन ट्रेडिङ सम्झौता

काठमाडौं। नेपाल टेलिकम र एप्पलको आधिकारिक बिक्रेता इभोलुसन ट्रेडिङ प्रालिको सहकार्यमा एप्पलको मोबाइल फोन (आइफोन) खरिदकर्ताका लागि कम्पनीको डाटा प्याकेज बण्डलिङ गरी उपलब्ध गराउने सम्बन्धमा सम्झौता भएको छ। सो सम्बन्धी सम्झौतामा टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र इभोलुसन ट्रेडिङ प्रालिका निर्देशक तरुण बज्राचार्यले हस्ताक्षर गरेका हुन। उल्लेखित सम्झौता अनुसार इभोलुसन ट्रेडिङका काठमाडौं उपत्यकामा रहेका ७ वटा र उपत्यका बाहिर सञ्चालन हुने आउटलेट मार्फत आइफोन १३ वा सो भन्दा माथिल्लो भर्सनका आइफोन खरिद गर्ने ग्राहकलाई प्रतिमहिना ५ जीबी डाटा चलाउन मिल्ने प्याकेज १२ महिनाका लागि निःशुल्क उपलब्ध हुनेछ। नेपाल टेलिकमका ग्राहकले हाल प्रयोग गरिरहेको नेपाल टेलिकमको पोस्टपेड वा प्रिपेड सिम खरिद गर्ने आइफोन १३ मा प्रयोग गर्ने अवस्थामा उल्लिखित डाटा प्याकेज सोही सिममा उपलब्ध गराउने पनि जनाएको छ।

# ११ अर्ब रुपियाँभन्दा बढीको क्षतिमा पाँच अर्बको राहत

अबिरल वर्षाका कारण आएको बाढीले धानबालीमा ठूलो क्षति गरेको छ । सातवटै प्रदेशमा केही नकेही क्षति पुगेको छ । सातवटा प्रदेशको २१ वटा जिल्लामा धान तथा अन्य बालीमा क्षति पुर्‍याएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दिएको प्रारम्भिक क्षति विवरणका अनुसार क्षतिको प्रारम्भिक विवरण ११ अर्ब ८७ कोड ५१ लाख ६० हजार क्षति भएको छ । कृषि मन्त्रालयका प्रवक्ता कुमार सञ्जेलका अनुसार यो पनि प्रारम्भिक विवरण नै हो । तत्काल यही विवरणका आधारमा किसानलाई क्षतिपूर्ती दिने मन्त्रीपरिषद्ले निर्णय गरेको छ । पाँच अर्ब ५२ करोड राहत किसानले दिने निर्णय भएको छ । यी सबै रकम नगदमा दिइनेछ, कृषि मन्त्री महिन्द्र राय यादवले भन्नुभयो, महालेखापरीक्षकको कार्यालय हुँदै सिधै किसानको बैंकमा सो रकम जानेछ, स्थानीय तहले त्यसको विवरण तयार गरिरहेको छ ।' हालसम्मको तथ्यांक अनुसार राहत उपलब्ध हुने अनुमानित क्षेत्रफल एकलाख ११ हजार हेक्टर रहेको छ ।

असोज ११ बसेको मन्त्रीपरिषद्को बैठक अनुसार १० कठ्ठासम्म भएका साना किसानलाई उत्पादन लागतको ६५ राहत दिने भएको छ । साना किसानलाई प्रति कठ्ठा एकहजार ९२१ रुपियाँ र प्रतिविघा ३८ हजार ४२० रुपियाँ राहत दिने निर्णय भएको छ । ११ कठ्ठादेखि ४० कठ्ठासम्म भएका मझौला किसानलाई उत्पादन लागतको ३० प्रतिशत राहतको व्यवस्था गर्ने भएको छ । त्यस्तै सो किसानलाई प्रति कठ्ठा ८८७ र प्रतिविघा १७ हजार ७४० रुपियाँ राहत स्वरुप नगद दिने निर्णय गरेको छ ।

ठूला किसान जसको ४० कठ्ठाभन्दा बढी छन् । त्यसलाई प्रति कठ्ठा ५९१ रुपियाँ तथा प्रति विघा ११ हजार ८२० रुपियाँ पिडित किसानलाई दिने निर्णय गरेको छ । ठूला किसानका साथै सबै वर्गका किसानलाई उत्पादन लागतको २० प्रतिशत दिने भएको छ । कृषि मन्त्रालयका अनुसार सबै वर्गका किसानलाई उत्पादन लागतको २० प्रतिशत दिने निर्णय गरेको छ । सरकारले एक लाख ११ हजार हेक्टरका लागि पाँच अर्ब ५२ करोड रुपियाँ राहत वितरण गर्ने भएको छ ।

सबभन्दा बढी क्षति लुम्बनी प्रदेशमा भएको छ त्यहाँ ४२ हजार ४२७ हेक्टर क्षेत्रफलमा लगाइएको धानलाई पूर्ण क्षति गरेको छ । मन्त्रालयका अनुसार लुम्बनी प्रदेशमा चार अर्ब ५१ करोड ४२ लाख ३३ हजार रुपियाँ बराबरको क्षति भएको छ । त्यस्तै वागमती प्रदेशमा ५३० हेक्टरमा लगाइएको धानमा क्षति पुगेको छ भने पाँच करोड रुपियाँ भन्दा बढीको क्षति भएको मन्त्रालयले जनाएको छ । त्यस्तै प्रदेश १ मा ६ हजार ७२२ हेक्टरमा लगाइएको धानमा पूर्ण क्षति भएको छ भने एक अर्ब भन्दा बढी रुपियाँ बराबरको क्षति भएको जनाइएको छ । प्रदेश २ मा ५३५५ हेक्टर क्षेत्रफलमा लगाइएको धानमा पूर्ण क्षति भएको मन्त्रालयले जनाएको छ । ५७ हजार ५५७ मेट्रिकटन धान नोक्सान भएको छ ।

त्यस्तै प्रदेश २ मा एक अर्ब ६१ करोड १५ लाख ८२ हजार रुपियाँको क्षति भएको मन्त्रालयले जनएको छ । गण्डकी प्रदेशमा १२ करोड रुपियाँ भन्दा बढीको धानबालीमा क्षति पुगेको छ । एकहजार १९२ हेक्टरमा लगाइएको धानमा पूर्ण क्षति पुगेको मन्त्रालयको विवरणमा उल्लेख छ । कर्णालीमा दुई हजार ७६७ हेक्टरमा लगाइएको धानमा पूर्ण क्षति भएको छ । त्यसमा १० हजार ५१५ मेट्रिकटन धानमा क्षति पुगेको छ । रकमको हिसाब गर्दा कर्णाली प्रदेशमा २९ करोड रुपियाँ भन्दा बढीको क्षति भएको छ ।

अनुसार यसपालीको बाढीले देशभर धानबालीमा मात्र १० देखि १५ अर्बको क्षति हुने देखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएका छ । यद्यपी यकिन तथ्यांक आउन बाँकी छ । किसानको धानबालीमा अर्बौंको क्षति पुर्‍याए पनि कृषि बीमाप्रति किसानले चासो नलिएको देखिएको छ । सरकारले कृषिबाली तथा पशुपन्छीको विमा गर्न अनुदान दिँदै आएको छ तर सबभन्दा कम धानबालीको बीमा भएको कृषि मन्त्रालयले जनाएको छ । कृषि मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रकाशकुमार सञ्जेलले कृषिअन्तर्गत किसानले सबभन्दा बढी पशुपन्छीको बीमा गराएको तथ्यांकले देखाएको छ, कृषिबाली तर्फ तरकारी र फलफूलमा बीमा गराए पनि सबभन्दा कम धानमा बीमा गराएको बताउनुभयो । ६० देखि ७० प्रतिशत बीमा पशुपन्छीतर्फ मात्र गराएको देखिन्छ ।

तर कति किसानले धानमा बीमा गराए त्यसको यकिन तथ्याङ्क कृषि मन्त्रालयसँग छैन । प्रवक्ता सञ्जेलले भन्नुभयो, कृषिमा बाली र पशुपन्छी भनेर मात्र बीमाको अभिलेख राख्ने गरेको छ, बालीमा कुनकुन बालीमा कति किसानले विमा गराएका छन् त्यसको छुट्टा छुट्टै तथ्यांक छैन ।' उहाँले सरकारले कृषि बीमाका लागि यत्रो प्रयास गर्दा पनि किसान त्यसतर्फ आकर्षित नभएको बताउनुभयो । पशुपन्छीतर्फ अलिअलि आकर्षित भएपनि बालीमा किसानले कम ध्यान दिएको बताउँदै उहाँले अहिले धानमा यतिका क्षति भएका छन्, यदि किसानले धानको बीमा समयमा गराएको भए उनीहरुलाई ठूलो राहत हुन्थ्यो तर क्षति भएकोमध्ये धेरै कमले विमा गराएको होला जस्तो आफूलाई लागेको बताउनुभयो । कृषि क्षेत्रलाई अघि बढाउने उद्देश्यले सरकारले २०६९ माघ १ गतेदेखि लागू गरेको कृषि बीमा बीमा समितिले २०७०/७१ देखि कृषि तथा पशु बिमा कार्यक्रमलाई अनिवार्य रूपमा कार्यान्वयनमा ल्याएको हो। तर बीमा समितिसँग पनि कति किसानले धानबालीका लागि बीमा गराएको भनि तथ्यांक छैन ।

सरकारले हाल पशुधन विमा, पन्छी बीमा, धानबाली बीमा, तरकारी बीमा, फलफूल बाली बीमा, माछा बीमा, च्याउ बीमा र अष्ट्रिज बीमा, मौरी बीमा गराउँदै आएको छ ।कृषि बिमाको क्षेत्रमा जति बिमाशुल्क लाग्ने हो त्यसको अनुपातमा लाग्ने ८० प्रतिशत प्रिमियम सरकारले अनुदान दिने र २० प्रतिशत किसान आफैंले हाल्नुपर्ने व्यवस्था गरेको छ । त्यतिअघि ५० प्रतिशत प्रिमियर सरकारले र ५० प्रतिशत किसानले तिर्ने प्रावधान थियो । किसानले बीमा अनुदान ७५ प्रतिशत बनाउनु पर्ने माग गर्दै आएको थियो । अहिले त्यसलाई ८० प्रतिशत पुर्‍याएको छ ।

कृषिसँग सम्बन्धित विभिन्न पाँचवटा संगठनले 'कृषि सहायता कोष' को व्यवस्था गरी किसानलाई तत्काल राहत एवं प्राकृतिक विपत्तिमा सहयोग पुराउन तीनवटै तहका सरकारसँग माग गरेका छन् ।

राष्ट्रिय कृषक समूह महासंघ नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, राष्ट्रिय सिंचाई जल उपभोक्ता महासंघ नेपाल, फियान नेपाल, खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जालले विहिवार संयुक्त रुपमा विज्ञप्ति जारी गरी सो माग गरेका हुन । प्रभावित किसान परिवारलाई खेती भित्र्याउन तत्काल सहायता र धानलाई सुरक्षित गर्ने उपाय सहित सहयोग उपलब्ध गराउन समेत ती संगठनहरुले माग गरेका छन् ।

प्राकृतिक विपत्तिबाट प्राभावित घरधुरीको तहगत संयन्त्र परिचालन गरी यथार्थ तथ्यांक संकलन, गरी किसानलाई उचित राहत तथा क्षतिपूर्ती उपलब्ध गराउन माग गरेका छन् । पशु आहारको उचित व्यवस्थापन गरी पशुपालक किसानलाई तत्काल सहयोग उपलब्ध गराउन पनि ती संगठनहरुले सरकारसँग माग गरेका छन् । किसानले फलाएको धान खलियानमा समेत राख्न नपाई बाढीका कारण खेतमै नष्ट भएका छन् ।

# गहुँका किसानलाई दिइने मल छैन सरकारसँग

सरकारले किसानलाई मलको अभाव हुन नदिने प्रतिवद्धता पटक पटक जनाए पनि किसानले त्यो समस्याबाट मुक्त हुन सकेको छैन । प्रत्येक वर्ष किसानले रसायनिक मलको समस्या झेलिरहेका हुन्छन् । तर किसान आश्वासनबाहेक अरु केही बाँड्दैन । धानमा मलको समस्या झेलेका किसानले गहुँमा पनि झेल्ने भएको छ । गहुँ छर्ने बेला भइसक्यो तर किसानले मल पाइरहेको छैन । उता, सरकार पनि त्यसका तयारीमा रहेको देखिदैन । किसानले धान काटेर गहुँका लागि तयार गरिरहेका छन्, तर गहुँ छर्नेबेला दिइने रसायनिक मल डिएपी सरकारसँग छैन । गहुँ लगाउने खेतमा लगाइएको धान किसानले धमाधम काटि रहेको छ । कात्तिकको दोस्रो हप्तादेखि गहुँ छर्ने काम सुरु हुन्छ तर सकारसाग चाहिने मल मौज्दात रहेको छैन । गहुँका लागि कम्तीमा ५० हजार मेट्रिकटन डिएपी मल चाहिन्छ तर सरकारसँग हाल तीनसय मेट्रिकटन डिएपी मल मात्र मौज्दात रहेको छ । साल्टट्रेडिङ कर्पोरेशन लिमिटेडसँग त्यो पनि छैन ।

कृषि समाग्री कम्पनी लिमिटेडका प्रमुख नेत्र भण्डारीले भन्नुभयो, गहुँ छर्ने बेला भइसक्यो तर डिएपी मलको मौज्दात पर्याप्त छैन, हामीले कृषि मन्त्रालयलाई यसको बारेमा जानकारी गराई सकेका छौं ।' कृषि मन्त्री महिन्द्रराय यादवलाई नै भेटेर मलको अवस्थाको बारेमा जानकारी गराइसकेको र मन्त्री यादवले किसानलाई मलको अभाव हुन नदिने त्यसका लागि मन्त्रालयले पहल गरिरहेको जानकारी आफूलाई गराएको उहाँले बताउनुभयो । मन्त्री यादवले मलका लागि भारत र चीनलाई आग्रह गरेर भएपनि किसानलाई समयमा मल उपलब्ध गराउने भन्नुभएको छ र आफूहरु आशावादी रहेको उहाँले बताउनुभयो ।

गहुँका लागि ५० हजार मेट्रिकटन डिएपी चाहिन्थ्यो तर यसपटक बढ्न सक्ने सम्भावना रहेको बताउादै उहाँले बाढीका कारण धानमा पुर्‍याएको क्षतिका कारण यसपाली गहुँ खेती बढ्ने भएकाले थप मलको आवश्यकता हुन सक्ने बताउनुभयो। पिडित किसानलाई मलका सहुलियत दिने कुरा पनि भइरहेको छ । साल्टट्रेडिङ कर्पोरेशन लिमिटेडका प्रवक्ता कुमारराज भण्डारीले गहुँ छर्ने बेला हुन गइरहेको छ, तर आफूहरुसँग अलिकति पनि डिएपी मौज्दात नरहेको बताउनुभयो । मलको अवस्था बारेमा सरकारलाई पनि थाह छ, आफूहरुले पटकपटक जानकारी गराएकै हो, सरकारले के गरिरहेको छ, त्यो आफूहरुलाई थाह हुने कुरा नभएको उहाँले बताउनुभयो । रसायनिक मलको अन्तराष्ट्रिय मूल्य अत्याधिक बढेको कारणले पटक पटक टेण्डर रद्द हुन्छ, टेण्डर पाएपनि ढुवानी कम्पनीले मल ल्याउन चाहिरहेको छैन, त्यसले गर्दा मलको अभाव देखिन थालेको उहाँले बताउनुभयो । भारतको धमरा बन्दरगाह हुँदै २५ हजार मेट्रिकटन युरिया र २५ हजार मेट्रिकटन डिएपी आउने तयारीमा रहेको छ, एक दुइ हप्ताभित्र नेपाल आइपुग्ने उहाँले बताउनुभयो । सो बन्दरगाहमा साल्टट्रेडिङ कर्पोरेशन लिमिटेडको मल पनि आइसकेको छ । उसले पनि नेपाल ल्याउने तयारी गरिरहेको छ । यता, २६ दिनदेखि उत्तरीनाका चीनमा रोकि राखेको १० हजार मेट्रिकटन युरिया र पाँच हजार मेट्रिकटन डिएपी गरी १५ हजार मेट्रिकटन मल नेपाल आउन सुरु भएको बताउँदे प्रमुख नेत्र भण्डारीले अगामी दुई हप्ताभित्र सबै मल आइपुग्ने सम्भावना रहेको बताउनुभयो ।









समाचार/विविध

# कुमाले जातीको पेसा संकटमा



आधुनिक झिलिमिली बिजुली बत्ती, धातुका दियो, भाँडाकुडालगायतका वस्तुका कारण तिहार र छठपर्वको लागि पुस्तौंदेखि महोत्तरीमा माटोको दियो र भाँडाकुडा बनाउँदै आएका कुमाले जातीको पेसा सङ्कटमा पर्दै गएको छ । दिपावली र छठको बेला बर्सेनि लाखौंको माटाका भाँडाकुडा र दियो बिक्री गर्ने गरेका कुमालेहरुले आधुनिक रुपमा बजारमा आएका तारले बनेको झिलिमिली बत्ती, प्लास्टिक र धातुका विभिन्न भाँडाकुडाले गर्दा माटोको भाडावर्तन र दियो (पाला)लगायतका सामग्रीको बिक्रीमा निक्कै कमी आएर आफूहरुको व्यवसाय नै सङ्कटमा पर्दै गएको जलेश्वर नगरपालिका-६ का कुमाले बिरजु पण्डितले बताउनुभयो ।

**दिपावली र छठको बेला बर्सेनि लाखौंको माटाका भाँडाकुडा र दियो बिक्री गर्ने गरेका कुमालेहरूले आधुनिक रूपमा बजारमा आएका तारले बनेको झिलिमिली बत्ती, प्लास्टिक र धातुका विभिन्न भाँडाकुडाले गर्दा माटोको भाडावर्तन र दियो (पाला)लगायतका सामग्रीको बिक्रीमा निक्कै कमी आएर आफूहरूको व्यवसाय नै संटमा पर्दै गएको जलेश्वर नगरपालिका-६ का कुमाले बिरजु पण्डितले बताउनुभयो**

पहिला पहिला हिन्दूहरुको महान चाड दिपावली, तिहार, छठ पर्वलगायत अन्य पूजापाठमा अति आवश्यक रुपमा माटोको दियो, ढकनी, घैंटो, मटिया, कुसिया, कुरबारलगायतका सामग्रीको माग हुने गर्थ्यो । माटोकै भाँडाकुडा चोखो हुने गरेको भन्दै सबैले माटाकै भाँडाकुडा प्रयोग गरेको बेला आफूहरुलाई ती भाँडाकुडा पूर्ति गर्न भ्याइनभ्याइ हुने गरेको बताउछन् भने अहिलेका मानिस आधुनिकतामा रमाएर धातु र प्लास्टिकका भाँडाकुडा तथा बिजुली बत्ती प्रयोग गर्न थालेपछि आफूहरुको व्यवसाय धरासयी बनेको उहाँले बताउनुभयो ।

महोत्तरीको सदरमुकाम जलेश्वरसहित १५ वटै स्थानीय तहमा कुमाले जातीका मानिसले माटोको दियो, ढकनी, घैंटो, मटिया, कुसिया र कुरबारलगायतका सामग्री बेच्ने गरेकोमा अहिले नगन्य मात्रामा ती सामग्री बिक्री हुने गरेको बढी महोत्तरी गाउँपालिका-११ कुमाले सियाराम पण्डितले बताउनुभयो ।

पहिला महोत्तरीको विभिन्न गाउँ-ठाउँमा बनाइएका माटाका भाँडाकुडा तराई-मधेशमा मात्रै नभएर काठमाडौं, पोखरा, हेटौंडा, जनकपुर र भारतीय सहर मधुबनी, दरभङगा, सितामढी र पटनासम्मसमेत निर्यात हुने गरेकोमा अहिले स्थानीय बजारमै पनि माग नभइदिँदा दिनानुदिन यस पेसामा लागेकाको पेसा धरापमा पर्दै गएको जलेश्वर नगरपालिका- १ का कुमाले जोगिया पण्डितले बताउनुभयो ।

अत्याधिक श्रमको प्रयोग र आर्थिक लगानीमा तयार गरिने माटोको भाँडाकुडा, दियो, मटिया, कुसिया, कुरबारलगायतका सामग्री बिक्री नहुनु र बिक्री भए पनि लागेको लगानीसमेत नआउनुले यस पेशामा अब नयाँ पुस्ता बस्न नचाहेको जलेश्वर नपा- ६ का कुमाले मङगल पण्डितले बताउनुभयो । तर धेरैजसोले अहिले पनि आधुनिक भाँडाकुडा चोखो नहुने, यसमा व्रत तथा पर्व गर्दा शुद्ध नहुने मान्यता राखेकोले उनीहरु अझै पनि माटोकै भाँडाकुडा प्रयोग गर्न रुचाउने भएकोमा कुमाले जातिका बुढापाकाले जसोजतो ती सामग्री बनाएर उनीहरुको माग धानिरहेको अनुभव सुनाउनुहुन्छ जलेश्वर नगरपालिका- ८ की गृहणी रेणु मण्डल ।




राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिवी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउनु,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भास्थ, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, **PAN : 609502305**
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार